मिति २०७५ साउन १५ गतेको कार्यपालिका बैठकका निर्णयहरु

आज मिति २०७५ साउन १५ गते बारका दिन घिरिङ्ग गाउँपालिका अध्यक्ष श्री रन बहादुर रानामगरज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको वैठक बसी निम्नानुसारका प्रस्तावउपर छलफल भइ निम्नानुसारका निर्णयहरु गरियोः

देहायः

क्र स	पदाधिकारीको नाम थर	पद	कार्यालय	हस्ताक्षर	कैफियत
१	श्री रन बहादुर रानामगर	अध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
२	श्री सरस्वती सिग्देल	उपाध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
३	श्री प्रेम प्रसाद त्रिपाठी	नि प्रमुख प्रशासकिय अधिकृत	घिरीङ गाउँपालिका तनहुँ		
४	श्री सन्तोष ढुंगाना	प्रमुख प्रशासकिय अधिकृत	घिरीङ गाउँपालिका तनहुँ		
५	श्री गंगाराम कुमाल	१ नं वडाअध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
६	श्री पूर्ण वहादुर थापा	२ नं वडाअध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
७	श्री रणबहादुर गुरुङ्ग	३ नं वडाअध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
८	श्री शक्ती थापा	४ नं का वडाअध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
९	श्री प्रेम बहादुर थापा	५ नं वडाअध्यक्ष	घिरीङ गाउँपालिका तनहुँ		
१०	श्री दुर्गामाया थापा	कार्यपालिका सदस्य	घिरीङ गाउँपालिका तनहुँ		
११	श्री सनम थापा	कार्यपालिका सदस्य	घिरीङ गाउँपालिका तनहुँ		
१२	श्री बसन्त बहादुर दरै	कार्यपालिका सदस्य	घिरीङ गाउँपालिका तनहुँ		
१३	श्री धन कुमारी रानाभाट	कार्यपालिका सदस्य	घिरीङ गाउँपालिका तनहुँ		
१४	श्री कृष्णमाया नेपाली	कार्यपालिका सदस्य	घिरीङ गाउँपालिका तनहुँ		
१५	श्री पार्वती विक	कार्यपालिका सदस्य	घिरीङ गाउँपालिका तनहुँ		
अन्य आमन्त्रित सदस्यहरु					
१६	श्री जितबहादुर राना	लेखापाल	घिरीङ गाउँपालिका तनहुँ		
१७	श्री ध्रुवराज लामिछाने	वडा सचिव	घिरीङ गाउँपालिका तनहुँ		

प्रस्तावहरुः

१	आर्थिक बर्ष २०७४।०७५ को खर्च विवरण सार्वजनिकरण र अनुमोदन ।
२	करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद थप गर्ने सम्बन्धमा ।
३	चालू आर्थिक बर्षको लागि स्थानिय दररेट निर्धारण समबन्धमा ।

४	घिरिङ्ग गाउँपालिकाको योजना अनुगमन मूल्याङ्कन तथा योजना फरफारक एवं भुक्तानी कार्यविधि २०७५ पारित गर्ने सम्बन्धमा ।
५	योजना खाता किताब लागु गर्ने समबन्धमा ।
६	एकिकृत सम्पत्ति कर तथा स्थानिय तहको श्रोत परिचालन कार्यविधि तर्जुमा गरी लागु गर्ने प्रयोजनका लागि परामर्श सेवा खरिद सम्बन्धमा ।
७	प्रमुख प्रशासकिय अधिकृतको विदाइ तथा स्वागत सम्बन्धमा ।
८	सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि बैंक खाता खोल्ने सम्बन्धमा ।
१०	गाउँ सभा बस्ने सम्बन्धमा ।
११	विविध सम्बन्धमा ।
	निर्णयहरु:
१	प्रस्ताव न १ उपर छलफल गर्दा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतबाट पेश भएको आर्थिक बर्ष २०७४।०७५ मा घिरीङ गाउँपालिका तनहुँको गाउँसभाबाट विनियोजित भइ खर्च लेखाङ्कन भएका सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय गरियो ।सो खर्च विवरणको बार्षिक प्रतिवेदनको प्रतिलिपि यसै निर्णय पुस्तिकामा संलग्न गरीएको छ ।
२	आर्थिक बर्ष २०७४।०७५ मा गाउँ कार्यपालिकाको निर्णयअनुसार दैनिक ज्यालादारी करारमा निरन्तर रुपमा कार्यरत तपशिलमा उल्लेखित कर्मचारीहरुलाइ मिति २०७५ साउन १ गतेदेखी लागुहुने गरी बढीमा ६ महिनाको लागि करार सेवामा नियुक्त गर्ने निर्णय गरियोः
	तपसिलः

क स	कर्मचारीको नाम थर	नियुक्त पद	मासिक तलब भत्ता सुविधा	कैफियत
१	श्री विदुर मरहट्टा	सव इन्जिनियर सिभिल तर्फ	रु २३५००	फिल्ड भत्ता मासिक रु ८०००।
२	श्री होम बहादुर थापा	हलुका सवारी चालक	रु १८३४०	अतिरिक्त सेवा वापत रु ४०००।

अघिल्लो आव देखी हालसम्म नियमित रुपमा करार सेवामा कार्यरत वडा नं १ वडा नं ३ का कार्यालय सहयोगी हाल खाइपाइ आएको सेवा सुविधामा रहनेगरी छ महिनाको करार म्याद थप गर्ने ।

३ गाउँपालिकाका तपशिलमा उल्लेखित सवारी साधनहरुको रेखदेख सञ्चालन नियमित मर्मत संभार गर्ने र प्रचलित आर्थिक ऐन नियमावलीको अधिनमा रहि जिन्सी मालसामानहरुको संरक्षण गर्ने गराउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित पदाधिकारीको रहने निर्णय गरीयोः

क स	सवारी साधनको विवरण	बुझिलिने पदाधिकारी तथा सम्बन्धित शाखा	सम्पर्क
	ग १ झ		
१	३१०	गाउँपालिका अध्यक्ष	

	ग १ व			
२	९०४	वडा नं वडाअध्यक्ष श्री गंगाराम कुमाल	9864461741	9823459283
	ग १ व			
३	९०७	वडा नं २ वडाअध्यक्ष श्री पुर्ण वहादुर थापा	9846864768	9811438756
	ग १ व			
४	९०८	वडा नं ३ वडाअध्यक्ष श्री रण बहादुर गुरुङ्ग	9846184642	
	ग १ व			
५	९०६	वडा नं ४ कार्यवाहाक अध्यक्ष श्री शक्ति थापा	9864377113	9826164731
	ग १ व			
६	९०९	वडा नं ५ वडाअध्यक्ष श्री प्रेम बहादुर थापा	9845204006	9816157827
	ग १ व			
७	९०५	तारानाथ रानाभाट		
	ग १ व			
८	८३७	विदुर मरहट्टा	9846016805	
	ग १ व			
९	८३८	देवेन भुजेल		
	ग १ व			
१०	७५८	जित ब राना		
	ग १ व			
११	५६७	ध्रुबराज लामिछाने		
	ग १ व			
१२	९६८	हिरामान श्रेष्ठ		
	ग १ व			
१३	३८९	पशुपति आचार्य		

४ विविध

क फूला स्वास्थ्य इकाइमा कार्यरत अहेव शान्ति गुरुङलाइ २०७५ साउनबाट करार सेवामा बढीमा ६ महिनाको लागि अन्य स्वास्थ्य इकाइमा कार्यरत कर्मचारुहरुले खाइपाइ आएको तलब भत्ता बराबरको रकम तलब उपलब्ध गराउने ।

ख यस गापा वडा नं २मा कार्यरत वडा सचिव तथा कार्यालय सहायक श्री हिरामान श्रेष्ठलाइ उहाले गर्नुभएको कामको उच्च मूल्याङ्कन कदर गर्दै सम्मान प्रदान गर्ने ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा घिरिङ गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७५ पारित गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधी २०७५ को परिच्छेद २ को बुंदा नं ५ ङ मा अन्य उपभोक्ता समितिमा सदस्य नरहेको तर उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव पदमा बाहेकका सदस्यहरू पदमा बढीमा ३ (तिन) वटा उपभोक्ता समितिमा सदस्य मात्र रहन पाइने गरी निर्णय पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ पारित गर्ने निर्णय गरीयो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाको योजना किताव पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. ०७५।०७६ का लागि घिरिङ गाउँपालिकाको दररेट निर्धारण पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं.६ माथी छलफल गर्दा अर्को व्यवस्था नभए सम्मका लागि सार्वजनिक खरिद नियमावली २०६४ लागू गर्ने भन्ने निर्णय पारित गरियो साथै उपभोक्ता समिति बाट हुने खरिद समेत यसै एन नियम बमोजिम गर्नका लागि आवश्यक निर्देशन दिने भन्ने निर्णय पारित गरियो।

निर्णय नं. ७

प्रस्ताव नं.७ माथी छलफल गर्दा २०७५ साउन १ गतेदेखि २०७५ पुष मसान्त सम्मका लागि तपशिल बमोजिमका कर्मचारीहरूको करार म्याद थप गर्ने निर्णय गरियो।

क एक गाउँ एक प्राविधिक तर्फ कार्यरत कर्मचारीहरूको सेवा सुविधा नेपाल सरकारबाट शसर्त अनुदान तर्फ प्राप्त बजेटका आधारमा सेवा सुविधा प्रदान गर्ने गरी करार म्याद पथ गर्ने।

ख IT Officer को हकमा LGCDP बाट प्राप्त अनदानको रकमले पुग्ने सेवा सुविधा पाउने गरी करार म्याद थप गर्ने।

ग स्वास्थ्य संस्थामा कार्यरत कर्माचारीहरूको स्वास्थ्य शाखावाट प्राप्त प्रस्तावमा रहेर सेवा सुविधा पाउने गरी करार म्याद थप गर्ने।

घ पश्चिम नेपाल खानेपानी आयोजना तर्फका कार्यरत कर्मचारीहरू (पाँच जना) को २०७५ मसान्त सम्म साविक जि.वि.स. तनहुँ (जि.स.स तनहुँ) र पश्चिम नेपाल खानेपानी आयोजना बीच भएको करार सम्झौता बमोजिमको सेवा सुविधा पाउने गरी करार म्याद थप गर्ने साथै सो आयोजनाबाट प्रस्तावीत कार्यक्रम कार्यान्वयनका लागि समपुरक कोषबाट रू ८,६३,२००/- अक्षरूपी आठ लाख त्रिसठ्ठी हजार दुई सय मात्र रकम विनियोजन गरी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने।

- सामाजिक परिचालकको हकमा LGCDP तर्फका श्री शान्ता खनाल र श्री मेनुका थापाको २०७५ भदौ मसान्त सम्मका लागि मासिक १२०००/- अक्षरूपी बाह्र हजार मात्रका दरले आन्तरिक श्रोतबाट व्यहोर्ने गरी करार म्याद थप गर्ने। गरिवसंग विशेश्वर कार्यक्रम तर्फ कार्यरत सामाजिक परिचलक श्री विमला श्रेष्ठको मासिक रू १३०००/- (अक्षरूपी तेह्र हजार मात्र) का दरले २०७५ पुस मसान्त सम्मका लागि म्याद थप गर्ने।
- करार सेवामा कार्यरत कर्मचारीहरूको चाडवाड खर्चको हकमा नेपाल सरकारको निर्णय अनुसार गर्ने।

निर्णय नं.८

प्रस्ताव नं.८ माथी छलफल गर्दा सामुदायीक स्वास्थ्य इकाइहरूको (अत्रौली गडौलीटार फूला) मा साविकमा दिदै आएको भाडादरमा रहने गरी

- घिरिङ स्वास्थ्य चौकिको घरभाडा मासिक रु १२००/- का दरले
- वडा नं. १,२,४ को हकमा आगामी बैठकमा सो प्रस्ताव पेश गर्ने
- पोखरीछापमा रहने ३ कोठाको मासिक रू ४०००/- मानपुरमा रहेका कोठाको साविकमा भुक्तानी भएको रकममा नवढ्ने गरी सम्झौता गर्ने।
- वडा नं. १ को घरभाडा तर्फ आ.व. ०७५/०७६ को भुक्तानी हुन बाँकी रकम रू २६०००/- आ.व. ०७५/०७६ को घरभाडा शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं.९ माथी छलफल गर्दा आ.व. ०७५/०७६ मा संचालन हुने योजनाहरू संचालनका लागि उपभोक्ता समिति गठन गर्न वडा कार्यलयहरूलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं.१० माथी छलफल गर्दा उपभोक्ता समितिको पदाधिकारिहरूलाई योजना अभिमुखीकरण तालिम संचालत गर्न आवश्यक कार्य सुरू गर्ने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं.११ माथी छलफल गर्दा गाउँ कार्यपालिकाका सदस्यहरू कार्यपालिका बैठकमा आउँदाको दिन तथा गाउँ सभा सदस्यहरू गाउँसभा बैठकमा आउँदाको दिन खान खर्च भुक्तानी गराउने निर्णय गरियो/सोही वैठकमा उपस्थित कर्मचारीहरूलाई समेत खाना खाना उपलब्ध गराउने निर्णय गरियो।

- विविध प्रस्ताव उपर छलफल गर्दा गाउँपालिकाको लेखाप्रणालीलाई व्यवस्थित गर्न आ.व. ०७५/०७६ प्रथम चौमासिक भित्रबाट नेपाल सरकारबाट जारी गरिएको लेखा सफ्टवेयर SUTRA लागू गर्ने र सोही बमोजिम लेखङ्कन गर्ने निर्णय गरियो।

आजको बैठक समापन गर्ने

प्रस्तावहरुः

१ नदिजन्य पदार्थहरुको उत्खनन तथा व्यवस्थापन सम्बन्धमा ।
२ आयोजना फरफारक तथा भुक्तानि प्रतिवेदन सम्बन्धमा ।
३ गाउँपालिकाको सञ्चितकोष खाता लगायतका ग खाताहरु सञ्चालन सम्बन्धमा ।
४ नायव कृषि सेवा प्राविधक र सिभिल सव इन्जिनियर रिक्त रहेको सम्बन्धमा ।
५ आर्थिक बर्ष २०७४।०७५ का क्रमागत योजनाहरुको सम्बन्धमा ।
६ आर्थिक बर्ष २०७४।०७५ को आन्तरिक लेखापरीक्षण सम्बन्धमा ।
७ चन्द्रज्योति प्राविधिक शिक्षालयको बजेट तथा कार्यक्रम सम्बन्धमा ।
८ हरितालिका तिजको अवसरमा कार्यक्रम सञ्चालन सम्बन्धमा ।
९ यूवा स्वरोजगार कार्यक्रम सम्बन्धमा ।
१० टोल निर्धारण तथा टोल विकास संस्थाहरु गठन सम्बन्धमा ।
११ विविध ।

निर्णयहरुः

निर्णय नं. १

घिरिङ गाउँपालिका तनहुँको सिमामा रहेको कालिगण्डकी नदी क्षेत्रमा रहेको ढुङ्गा, गिटी, वालुवा ठेक्काको लागि प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५ अनुसुची ६ को दफा ८ संग सम्बन्धीत रहने गरी प्रति घ. मि. वालुवा १२१.२० (१०५.८६) र ढुङ्गा गिट्टी १४१.१५ प्रती घ.मि. १६१.६१ का दररेट रहने गरी तपसिल बमोजीमको घाटलाई तिन क्षेत्र कायम गरी टेन्डर आव्हान गर्ने निर्णय गरियो ।

तपसिलः

१) क) तिम्सेना घाट
ख) भण्डारी घाट
ग) फुलवारी मालेबगर घाट
घ) मैदे देमान घाट नदिको वांया किनार
ङ) रानीघाट
च) सिन्दुर पुच्छार घाट

२) क) खम्लिनटार घाट कालिगण्डकी नदी वांया किनार
ख) खैरेनी घाट
ग) बालिघाट

३) क) बटौली घाट

ख) बालुवाटार घाट

निर्णय नं. २

यस घिरिङ गाउँपालिका गाउँसभाबाट स्विकृत (०७४।०७५) का तपसिल बमोजीमका योजनाहरुको कार्य सम्पन्न भई हाल भुक्तानी भैसकेको हुदाँ उक्त विषयमा छलफल भई खर्च अनुमोदन भएको निर्णय गरियो ।

तपसिलः

क) कालि पंधेरो मर्मत	रु १५००००
ख) कालिका आमा समूह भवन निर्माण	रु २०००००
ग) फुला सामुदायीक भवन निर्माण	रु २०००००
घ) गुरुङ गाउँ आमा समुह भवन निर्माण	रु २०००००
ङ) छिलछिले लि¥टीङ खा.पा. योजना	रु ८४००४
च) महोरकोट खा.पा. योजना	रु २०००००
छ) पंचासे कूलो मर्मत	रु ५००००
ज) घेनुङ हटिया नेवा समाज भवन निर्माण	रु ४०००००
झ) बोहोछाप आमा समूह भवन निर्माण	रु २०००००
ञ) ठूलीफेदी खा.पा. योजना मर्मत	रु ५००००
ट) नेवापानी आमा समूह भवन निर्माण	रु २०००००
ठ) राजपुर प्रा.वि. घेरावाट तारजाली लगाउने	रु ३५००००
ड) काला भैरव मन्दिर मर्मत	रु ५००७३.६०
ढ) फलहर देउराली भित्री मोटर मार्ग बाटो	रु १५००००
ण) सृजना यूवा क्लव भवन निर्माण	रु २०००००

निर्णय नं. ३

यस घिरिङ गाउँपालिका गाउँसभा आ.व. २०७५।०७६ को स्विकृत योजनाहरु २०७६ आषाढ १५ गते भित्र कार्य सम्पन्न गरी फरफारक तथा भुक्तानी लिई सक्नु पर्ने निर्णय गरियो । सो समय सिमा भित्र भुक्तानी नलिएमा उपभोक्ता समिति स्वंयम जिम्मवेवार रहनुपर्नेछ ।

निर्णय नं. ४

यस घिरिङ गाउँपालिकाको संचित कोष खाता लगाएतका "ग" खाताहरु कुमारी बैंक मानपुरमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

घिरिङ गाउँपालिका, गाउँ कार्यपालिकामा नायव कृषि सेवा प्रविधिक र सिभिल सव ईन्जिनियर रिक्त रहेको जानकारी प्राप्त भयो । सम्वन्धीत निकायलाई आवश्यकतानुसार व्यवस्थापनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

आ.व. २०७४।२०७५ का क्रमागत योजनाहरुको सम्वन्धमा चालु आ.व.को दररेटका आधारमा योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

आ.व. २०७४।२०७५ यस घिरिङ गाउँपालिकाका विभिन्न शिर्षक समेतका आन्तरिक लेखापरिक्षण भएको जानकारी प्राप्त भएको व्यहोरा निर्णय गरियो ।

निर्णय नं. ८

यसै घिरिङ गाउँपालिका गन्तर्गत रहेको श्री चन्द्र ज्योती प्राविधिक शिक्षालयको वजेट तथा कार्यक्रम सम्बन्धमा आगामी गाउँसभामा छलफल गरी निर्णय गने निर्णय गरियो ।

निर्णय नं. ९

महिलाहरुको महान् पर्व तिजको अवसरमा यसै घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको आयोजनामा तपसिल वमोजीमको मिति, समय र स्थानमा प्रतियोगीता संचालन गर्ने निर्णय गरियो ।

मितिः २०७५ भाद्र २० गते ।

स्थानः घिरिङ गाउँपालिका, गाउँ कार्यपालिका परिसर ।

समयः विहान १० बजे देखी सुरु ।

उल्लेखीत कार्यक्रम लोक संस्कृती संरक्षण तथा प्रवद्र्धन कार्यक्रम शिर्षक बाट महिला शसक्तीकरण कार्यक्रम संचालनका लागि रु १५०००० एक लाख पचास हजारवाट खर्च गर्ने गरी निर्णय गरियो ।

निर्णय नं. १०

यूवा स्वरोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकम रु १०००००० दस लाख वाट CTEVT संग समन्वय गरी ३ महिने ईलेक्ट्रीसियन तालिम र लोकसेवा आयोग तयारी कक्षा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रत्येक वडाका प्रत्येक टोल वस्ती वाट गठन भई आएका टोल विकास संस्थाको विवरण यस गाउँपालिका कार्यालयमा पेश गर्ने र बांकी भए ७ दिन भित्र गठन गरी पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

श्री यसोसियसन अफ एग्रिकल्चर नेपाल नामक संस्थाले यस घिरिङ गाउँपालिका क्षेत्र भित्र प्रवेश गरी आफ्नो सेवा प्रवाह गर्न का लागि अनुमती माग गरेको उक्त संस्थालाई प्रवेश अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. १३

यसै घिरिङ गाउँपालिका वडा नं. २ मा रहेको प्रहरी चौकीलाई प्रतिमहिना २५ लि. का दरले पेट्रेल उपलब्ध गराउने निर्णय गरियो । साथै ऋषिङ गाउँपालिका र भिमाद नगरपालिका वडा नं. १ र २ वाट एम्बुलेन्स खरिद गर्ने कार्यको लागी रु १०००० (दस हजार का दरले) का दर ले दुवै स्थानीय तहलाई उपलब्ध गराउने निर्णय गरियो ।

धन्यवाद

मिति २०७५ असोज ०४ गते बसेको गाउँ कार्यपालिकाको निर्णयहरु

निर्णय नं. १

२०७५।०७६-००४।०१ प्रस्ताव नं. २०७५/०७६ — ०१ उपर छलफल गर्दा श्री चन्द्र बहादुर गुरुङ्ग अध्यक्ष रहेको गाउँपालिका स्तरीय सडक मर्मत उपभोक्ता समिति अनुमोदन गरी स्वीकृत लगत अनुमान रु ९ लाख ५० हजारको स्वीकृत बजेटको अधिनमा रही गाउँपालिका र सम्बन्धित उपभोक्ता समिति विच सम्झौता गरी सम्वन्धित वडा समितिका पदाधीकारीहरुसंग प्रत्यक्ष सुपरिवेक्षण समन्वयमा रहेर उपभोक्ता समितिले सडक मर्मत तथा सरसफाई गर्ने निर्णय गरियो ।

निर्णय नं. २

२०७५।०७६-००४।०२ प्रस्ताव नं. २०७५।०७६।०२ उपर छलफल गर्दा गाउँपालिकामा प्राविधिक शाखा कर्मचारी अभावका कारण चाल आ.व. का गाउँपालिका भित्रका योजना लगत अनुमान गर्ने मूल्याङ्कन गर्ने लगायतका प्राविधिक कार्यहरुमा कठिनाई परेकाले अर्को व्यवश्था नभए सम्मका लागि सात दिनको सार्वजनिक सूचना प्रकाशन गरी गाउँपालिकाको दररेटमा निवेदन गरी घटाघटमा ज्यालादारीमा काम गर्ने गरी प्रस्ताव मात्र गरी सो प्रसताबाट प्राप्त प्रस्तावहरुमध्येवाट सम्झौत दररेटमा काम गर्ने इच्छुक व्यक्तिहरुलाई छनौट गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ३

२०७५।०७६-००४।०३ प्रस्ताव नं. २०७५।०७६।०३ उपर छलफल गर्दा चालु आ.व. का योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न तत्काल उपभोक्ता समितिहरु गठनगरी सो को विवरण गाउँपालिकामा प्राप्त गरी आवश्यक तालिम संचालन गरी योजना कार्यान्वयमा लैजाने निर्णय गरियो ।

धन्यवाद

प्रस्तावहरुः

२०७५।०७६-००५।०१ नागरिकता टोली सम्बन्धमा ।

२०७५।०७६-००५।०२ शक्ति थापाको सेवा सुविधा सम्बन्धमा ।

२०७५।०७६-००५।०३ स्थानिय तहको सहकारी ऐन, २०७५ सम्बन्धमा ।

२०७५।०७६-००५।०४ बजेट कार्यान्वयन सम्बन्धमा ।

२०७५।०७६-००५।०५ नदिजन्य पदार्थ उत्खनन सम्बन्धमा ।

२०७५।०७६-००५।०६ आ व २०७५।०७६ को प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

२०७५।०७६-००५।०७ योजना फरफारक तथा खर्च अनुमोदन सम्बन्धमा ।

२०७५।०७६-००५।०८ सामाजिक परिचालकहरुको करार सम्बन्धमा ।

२०७५।०७६-००५।०९ विविध सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं २०७५।०७६-००५।०१

प्रस्ताव नं २०७५।०७६-००५।०१ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय तनहुँको समन्वयमा घिरिङ गाउँपालिका तनहुँका जनताहरुको घरदैलोमा सेवा प्रवाहको मान्यतामा रहेर मिति २०७५ असोज २७ गते १ दिनको लागि गाउँपालिकाको केन्द्रमा रहेर नागरिकता वितरण गर्ने गरी नागरिकता टोली लाइ आमन्त्रण गर्ने र सो टोलीमा आउनुहुने सम्पुर्ण सदस्यहरुलाइ २०७५ असोज २५ गते बेलुकादेखी नागरिकता वितरण सम्पन्न नभएसम्मका लागि घिरिङ गाउँपालिकामा बस्ने खाने खर्चको व्यवस्था साथै नियमानुसार दैनिक भ्रमण भत्ता गाउँपालिकाबाटै उपलब्ध गराउन स्विकृत प्रदान गर्ने ।

निर्णय नं २०७५।०७६-००५।०२

प्रस्ताव नं २०७५।०७६-००५।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँसभा सदस्य एवं हालका वडा नं ४ का कार्यवाहक वडाअध्यक्ष श्री शक्ति थापामाथि माननिय जिल्ला अदालत तनहुँमा रहेको जवरजस्ती करणी उद्योग मुद्दामा माननिय जिल्ला न्यायधिश श्री ॐकार उपाध्यायको फैसला ०५६-०७४-००९०८।०७४-CR-०१४ निर्णय न १४ मिति २०७५ भाद्र ४ गते सोमबारको फैसलाका आधारमा निजले सफाइ प्राप्त गरेको जानकारी प्राप्त भएको निजको मिति २०७५।०५।२९ को निवेदनका

आधारमा निजले मिति २०७४ साउन देखी २०७५ असोज मसान्तसम्मको गण्डकी प्रदेश सभाबाट स्विकृत भएबमोजिमको निजले प्राप्त गर्ने जनप्रतिनिधिको सेवा सुविधा नियमानुसार करकट्टी गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।०३

प्रस्ताव नं २०७५।०७६-००५।०३ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाको गाउँसभाबाट पारित भइ लागु गर्न मस्यौदा तयार भइआएको **"स्थानिय तहको सहकारी ऐन, २०७५"** लाइ गाउँ कार्यपालिलकाबाट पारित गरी अनुमोदनका लागि आगामि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।०४

प्रस्ताव नं २०७५।०७६-००५।०४ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाको गाउँसभाबाट पारित बजेटको परिधिमा रही दलित लक्षित सिपमुलक तालिम तथा कार्यक्रमबाट दलित हरुलाइ सञ्चालित १ महिने सिलाइ कटाइ तालिमतर्फ १ लाख मात्र भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।०५

प्रस्ताव नं २०७५।०७६-००५।०५ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाभित्र रहेको नदिजन्य पदार्थहरु उत्खनन का लागि गण्डकी प्रदेशबाट पारीत भइ आएको "**आर्थिक ऐन २०७५"** को अनुसूचि ६ तथा "**ढुंगा गिट्टी बालुवा उत्खनन सङ्कलन क्रसिङ्ग र विक्रिवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५"** बमोजिम मिति २०७५ भदौ १३ गते प्रथम पटक ३० दिनको म्यादको सूचना प्रकाशित भएकोमा कुनै पनि बोलपत्र बिक्रि नभएकोले दोश्रो पटक मिति २०७५ असोज १९ गते १५ दिनको सूचना प्रकाशित गरीएको जानकारी प्राप्त भयो ।साथै नदिजन्य पदार्थको ठेक्का नलाग्दा सम्म नदिजन्य पदार्थहरुको हुन सक्ने चोरी तथा अनाधिकृत नदिजन्य पदार्थ निकासी नियन्त्रण गर्न सम्पूर्ण जनप्रतिनिधिहरुलाइ क्रियाशिल तुल्याउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।०६

प्रस्ताव नं २०७५।०७६-००५।०६ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाको मिति २०७५ असोज ०३ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयअनुसार सामाजिक **सुरक्षा वितरण कार्यविधि २०७५** अनुसारको लगत कट्टा विवरण सवै वडा

कार्यालयहरुबाट सो लगत कट्टा प्राप्त नभएकोले कार्यविधिको दफा १६ बमोजिमको समय सीमामा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको कुमारी बैंक मानपुर शाखामा निकाशा गर्न नसकिएको कार्यालयबाट जानकारी प्राप्त भएकोले सो सम्बन्धमा तत्काल वडा कार्यालयहरुबाट लगत कट्टा माग गरी सो लगत कट्टा प्राप्त हुनासाथ सामाजिक सुरक्षाभत्ता सम्बन्धित लाभग्राहीलाइ वितरण गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।०७

प्रस्ताव नं २०७५।०७६-००५।०७ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानि भएका तपशिल बमोजिमका योजनाहरुको भुक्तानि अनुमोदन गरी उक्त योजनाहरु फरफारक गरी देहाय बमोजिमको योजनाहरुमा तोकिएको कार्यसम्पन्न भइसकेकोले सो योजनाका लागि विनियोजित बजेटमा नियमानुसार करकट्टी गरी भुक्तानि दिन कार्यालयलाइ निर्देशन गर्ने साथै कार्यालयबाट मिति २०७५ भदौ १२ गते देखी २०७५ असोज २२ गतेसम्म भएको चालू तथा पूँजितग खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

१ सत्यदेवी प्रा वि रु १ लाख ।

२ साविक साभुङ खण्ड विद्युतिकरण पेश्की रु १६ लाख १७ हजार।

३ छत्तिसादेवी युवा कल्व रु २ लाख ।

४ ऐसेलुपानी खानेपानी योजना रु ७ लाख ।

५ घिरिङ नयाँटार गड्यौलिटार विद्युतिकरण पेश्की १६ लाख ५० हजार ।

६ पोखरीछाप समाज भवन रु ६ लाख ।

७ भलायडाँडा देवी मन्दिर निर्माण ५० हजार ।

८ अधेरीखोला खानेपानि योजना रु २ लाख।

९ आर्चमबास खानेपानी ट्याङ्कि निर्माण रु २ लाख ।

१० लामोचौतारी बाटो ब्यवस्थापन रु ३ लाख ९५ हजार १२ मात्र ।

११ पोखरीडाँडा मिनखोला खानेपानी योजना रु ५० हजार ।

१२ घिरिङ खण्ड देउराली खण्ड विद्युतिकरण योजना पेश्की रु १६ लाख १६ हजार ।

देहाय

१ भैरव मोटरमार्ग निर्माण रु ३ लाख ।

निर्णय नं २०७५।०७६-००५।०८

प्रस्ताव नं २०७५।०७६-००५।०८ को प्रस्तावउपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यतरत सामाजिक परीचालक श्री शान्ता खनाल र मेनुका थापाको मिति २०७५।०६।०१ गतेदेखी २०७५ कार्तिक मसान्तसम्म यसअधीको कार्यपालिकाको निर्णयको अधिनमा रही सेवा सुविधा प्रदान गर्ने गरी करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।०९

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा इन्जिनियर सिभिल तर्फको कर्मचारी अभावमा योजना कार्यान्वयनमा कठीनाइ उत्पन्न भएकोले अर्को निर्णय नभएसम्मका लागि गाउँपालिकामा मुकाम रहेर सेवा प्रदानरत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका इन्जिनयर श्री रेगन थापालाइ राष्ट्रिय पुनर्निमाण प्राधिकरणको काममा बाधा नपर्ने गरी गाउँपालिकाको इन्जिनियरको समेत कार्यसम्पादन गराउने निर्णय गरीयो ।यसका साथै गाउँपालिका मातहतमा रहेर कार्यसम्पादन गर्ने पश्चिम नेपाल खानेपानी आयोजना लगायत अन्य निकाय तर्फका कर्मचारीहरीलाइ समेत गाउँपालिकाको काममा लगाइ निजहरुबाट सेवा प्राप्त गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।१०

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको प्रभावकारी कार्यसञ्चालन तथा जनमैत्री सेवा प्रवाहमार्फत गाउँपालिकामा सुशासन कायम गराउन आवश्यक पर्ने ऐन, नियम, कानून कार्यविधिहरु तर्जुमा गर्न गाउँपालिकामा कानून शाखाको स्थापना नभएसम्मको लागि कानून तर्जुमा Computer tying, Editing, Proofing, मस्यौदा तर्जुमा कार्यको लागि गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख र कम्प्यूटर शाखामा कार्य गर्ने कर्मचारीहरुलाइ प्रति कानून तर्जुमा बापत क्रमश प्रमुख प्रशासकिय अधिकृतलाइ दश हजार र आर्थिक प्रशासन प्रमुख लाइ पाँच हजार र कम्पूटर शाखाको प्रमुखलाइ तीन हजार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।११

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय तनहुँको मिति २०७५।०६।२२ को च न १५६१ को पत्रानुसारको व्यहोरा जानकारी अनुसार भिमाद नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापना गर्दा गाउँपालिकाका सवै वडाका जनताहकरुलाइ सेवा लिन पाएक पर्ने व्यहोरा जिल्ला प्रशासन कार्यालय तनहुँलाइ पत्राचार गर्ने ।

निर्णय नं २०७५।०७६-००५।१२

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय तनहुँको मिति २०७५।०६।१७ को च न १६४ को पत्रानुसारको व्यहोरा जानकारी प्राप्त भयो ।भारतिय राजदुतावासको अनुदान सहायतामा सञ्चालित दिपक मावि गजरकोटको भवन को ठेकदार श्री सुर्य एण्ड सन्स पुष्पाण्जली जे भि धरानको नाममा रु १९ लाख पेश्की नियमानुसार फछौंट गराइ प्राप्त कागजातहरुको आधारमा नियमानुसार बाँकी विल भुक्तानि दिने निर्णय गरियो ।सो कार्यका लागि भारतिय दुतावासको अनुदान प्राप्त गर्ने प्रयोजनका लागि नेपाल एस वि आइ बैंकमा गाउँपालिकाको ग समुहको खाता सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००५।१३

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा तपशिल बमोजिमका व्यक्ती तथा निकायहरुलाइ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियोः

क. बल बहादुर गरौजा वडा नं ५ लाइ रु १० हजार मात्र ।

ख. पहँलसिंह थापा वडा नं २ लाइ रु १० हजार मात्र ।

ग. भुवनसिंह थापा वडा नं ३ लाइ रु १० हजार मात्र ।

घ. प्रहरी चौकी घिरिङ गापा वडा नं २ लाइ ७ हजार मात्र ।

ङ. गजरकोट कोट मन्दिर पुजा सञ्चालन समिति वडा नं २ लाइ रु ७ हजार मात्र ।

निर्णय नं २०७५।०७६-००५।१४

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा तपशिल बमोजिमका वडा कार्यालयहरुमा आर्थिक बर्ष २०७४।०७५ देखी निरन्तर रुपमा कार्यरत निम्नानुसारका कार्यालय सहयोगीहरुलाइ २०७५ साउन १ गतेदेखी लागु हुने गरी करार सम्झौता गरी मासिक तलव भत्ता एकमुष्ठ रु निर्णय गरियोः

क. वडा नं २ को श्री पुनम थापा मासिक रु ५ हजार मात्र ।

ख वडा न ३ को श्री खुममाया थापा रु ५ हजार मात्र ।

ग वडा नं ४ को श्री विसरा थापा रु ५ हजार मात्र ।

घ वडा न ५ को श्री टेकमाया थापा रु ५ हजार मात्र ।

निर्णय नं २०७५।०७६-००५।१५

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय तनहुँको मिति २०७५।०६।१९ को च न १५२३ को पत्रानुसारको व्यहोरा जानकारी प्राप्त भएकोमा हालसम्म त्यस्तो अतिक्रमण भएको तथ्याङ्क नरहेको व्यहोराको पत्र सम्बन्धित कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं २०७५।०७६-००५।१६

प्रस्ताव नं २०७५।०७६-००५।०९ को विविध उपर छलफल गर्दा मिति २०७५ असोज २८ गते गाउँसभा बैठक आव्हान गर्ने निर्णय गरियो।

प्रस्तावहरुः

२०७५।०७६-००६।०१ गाउँपालिकामा प्रहरी चौकी स्थापना सम्बन्धमा ।

२०७५।०७६-००६।०२ अपाङ्ग समन्वय समिति सम्बन्धमा ।

२०७५।०७६-००६।०३ गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाइ प्रोत्साहन भत्ता सम्बन्धमा।

२०७५।०७६-००६।०४ विविध सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं २०७५।०७६-००६।०१

प्रस्ताव नं २०७५।०७६-००६।०१ उपर छलफल गर्दा तपशिल बमोजिमको कार्यक्षेत्र रहने गरी प्रहरी कार्यालय स्थापनाको लागि प्रदेश तथा संघिय सरकारका सम्बन्धित निकायमा माग गर्नेः

क गाउँपालिकाको केन्द्र पोखरीछापमा रहने गरी इलाकास्तरीय प्रहरी चौकी १,

ख गाउँपालिकाको वडा नं १ र वडा नं २ को कार्यक्षेत्र रहने गरी प्रहरी चौकी १,

ग गाउँपालिकाको वडा नं ४ र वडा नं ५ कार्यक्षेत्र रहने गरी प्रहरी चौकी १ ।

निर्णय नं २०७५।०७६-००६।०२

प्रस्ताव नं २०७५।०७६-००६।०२ उपर छलफल गर्दा **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४** को दफा ४२ को उपदफा २ (ख) बमोजिमको पदाधिकारीका लागि यस गाउँपालिका कार्यपालिका सदस्य श्री दुर्गामाया थापालाइ नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००६।०३

प्रस्ताव नं २०७५।०७६-००६।०३ उपर छलफल गर्दा न्यून कर्मचारी अधिक कार्यचाप कार्यवोझका कारण निजामती सेवामा कार्यरत कर्मचारीहरुलाइ स्थानिय तहका काम कारबाहीहरुलाइ चुस्त दुरुस्त पारी प्रभावकारी सेवा प्रवाहका लागि घिरिङ गाउँपालिकाको गाउँसभाबाट स्विकृत अन्य भत्ता खर्च शिर्षक नं २११३९ बजेटको परिधिमा रहि तपशिल बमोजिमका पदाधिकारीहरुलाइ २०७५ साउन १ गतेदेखी लागुहुने गरी गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी निम्नानुसारको प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

क प्रमुख प्रशासकिय अधिकृत मासिक रु १० हजार मात्र ।

ख आर्थिक प्रशासन शाखा प्रमुख मासिक रु ८ हजार मात्र प्रदान गर्ने निर्णय गरियो ।

कार्यालयमा थप जिम्मेवारी प्रदान गरिएका कर्मचारीहरुलाइ प्रोत्साहन भत्ताको लागि आगामी कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००६।०४

प्रस्ताव नं २०७५।०७६-००६।०४ उपर छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषदको बैठक सं ३५/०७५ मिति २०७५/६/२१ को निर्णय जानकारी प्राप्त भएकोले सो लाइ कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

प्रस्तावहरुः

२०७५।०७६-००७।०१ घिरिङ गाउँपालिका तनहुँको पशु सेवा शाखा मार्फत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ पारित सम्बन्धमा ।

२०७५।०७६-००७।०२ घिरिङ गाउँपालिका तनहुँको प्रजननयोग्य राँगो/साँढे/बोका हुर्काउने श्रोतकेन्द्र स्थापना कार्यविधि कार्यविधि, २०७५ पारित गर्ने सम्बन्धमा ।

२०७५।०७६-००७।०३ घिरिङ गाउँपालिका तनहुँको बाख्रा/बंगुर पालन प्रवर्द्धन कार्यविधि, २०७५ पारित गर्ने सम्बन्धमा ।

२०७५।०७६-००७।०४ घरभाडा लिनेदिने सम्बन्धमा ।

२०७५।०७६-००७।०५ कार्यालयबाट करारमा नियुक्त कर्मचारीहरुको नियुक्ति अनुमोदन सम्बन्धमा ।

२०७५।०७६-००७।०६ बालविकास केन्द्र अनुदान सम्बन्धमा ।

२०७५।०७६-००७।०७ गाउँपालिकाभित्रका पूर्वाधारजन्य विकासका योजनाहरु कार्यान्वयन सम्बन्धमा ।

२०७५।०७६-००७।०८ कार्यालयको लिखित स्विकृति विना प्राप्त योजना समिति संघ संस्था बाट प्राप्त विल भुक्तानी सम्बन्धमा ।

२०७५।०७६-००७।०९ नेवा खलः घिरिङलाइ आर्थिक सहयोग सम्बन्धमा ।

२०७५।०७६-००७।१० गाउँपालिकाको आवधिक योजना निर्माण सम्बन्धमा ।

२०७५।०७६-००७।११ गाउँपालिकाको भिडियो डकुमेन्ट्रि निर्माण सम्बन्धमा ।

२०७५।०७६-००७।१२ विविध ।

निर्णयहरुः

निर्णय नं २०७५।०७६-००७।०१

प्रस्ताव नं २०७५।०७६-००७।०१ मा मूल्याङ्कन समितिको बनोटमा गाउँ कार्यपालिका सदस्यहरुमध्येवाट आर्थिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य समेत सदस्य रहने संशोधन समेत रहने गरी पारित गरियो ।

निर्णय नं २०७५।०७६-००७।०२

प्रस्ताव नं २०७५।०७६-००७।०२ मा मूल्याङ्कन समितिको बनोटमा गाउँ कार्यपालिका सदस्यहरुमध्येवाट आर्थिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य समेत सदस्य रहने संशोधन समेत रहने गरी पारित गरियो ।

निर्णय नं २०७५।०७६-००७।०३

प्रस्ताव नं २०७५।०७६-००७।०३ मा मूल्याङ्कन समितिको बनोटमा गाउँ कार्यपालिका सदस्यहरुमध्येवाट आर्थिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य समेत सदस्य रहने संशोधन समेत रहने गरी पारित गरियो ।

निर्णय नं २०७५।०७६-००७।०४

प्रस्ताव नं २०७५।०७६-००७।०४ उपर छलफल गर्दा स्वास्थ्य शाखाको औषधि जन्य पदार्थहरुको भण्डारण गर्ने प्रयोजनका लागि गाउँपालिकामा पर्याप्त कोठाहरु नरहेकोले अर्को व्यवस्था नभएसम्मका लागि घिरिङ ३ तनहुँ यम बहादुर आलेको घरमा रहेको २ कोठा मासिक रु ३४०० चौतिस सयमात्र घरभाडा तिर्नेगरी घरभाडामा लिने निर्णय गरियो साथै साविको कृषि सेवा केन्द्र रहेको घिरिङ ३ हटियाको मनिलाल श्रेष्ठको घरमा घरभाडा लिनेदिने सम्झौता मासिक रु २००० मा सम्झौता गरी २०७५ मंसिर महिनादेखी लागु हुने गरी घरभाडामा लिनेदिने सम्झौता भङ्ग गरी गाउँपालिका मातहतको कृषि सेवा शाखा र पशु सेवा शाखालाइ अर्को व्यवस्था नभएसम्मका लागि साविकको घिरिङ सुन्धारा गाविस भवनमा स्थानान्तरण गराइ सेवा प्रवाह गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।०५

प्रस्ताव नं २०७५।०७६-००७।०५ उपर छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट करार सेवाम नियुक्त तपसिल बमोजिमका कर्मचारीहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

१ मिति २०७५ असोज २५ गते नेपाल इन्जिनियर सेवाको सव इन्जिनियर सिभिल पदमा नियुक्त श्री तारानाथ रानाभाट ।

२ मिति २०७५ कार्तिक २० गते नेपाल स्वास्थ्य सेवाको अहेव पदमा नियुक्त श्री बिकास श्रेष्ठ ।

३ मिति २०७५ कार्तिक ३० गते नेपाल कृषि सेवाको नायव प्राविधिक सहायक पदमा नियुक्त श्री वर्षा थापा राना ।

निर्णय नं २०७५।०७६-००७।०६

प्रस्ताव नं २०७५।०७६-००७।०६ उपर छलफल गर्दा गाउँसभाबाट विनियोजित बजेटको परिधिमा रहेर बालबिकास केन्द्र अनुदान तर्फबाट रु १ लाख तर्फबाट नेपाल सरकारबाट निर्धारित तलवमानमा नवढ्ने गरी श्री वुद्धि प्रा वि घिरिङ ५ मोचावारी लाइ प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।०७

प्रस्ताव नं २०७५।०७६-००७।०७ उपर छलफल गर्दा गाउँसभाबाट विनियोजित बजेटको परिधिमा रहेर पूर्वाधारजन्य योजनाहरुको लागत अनुमान रनिङ विल अन्तिम मुल्याङ्कन लगायतका उपभोक्ता समितलाइ दिने भुक्तानी विल तयार गर्ने क्रममा स्थानिय दररेटको आधारमा तयार पार्ने साथै नेपाल सरकार प्रदेश सरकार तथा घिरिङ गाउँपालिकाबाट स्विकृत मापदण्डको आधारमा पालना गर्नुपर्ने शर्तहरुको पालना गर्नुपर्ने सम्पुर्ण काम कारवाहीहरुमा प्राविधिक शाखाको सम्बन्धित कर्मचारी नै पूर्ण रुपमा जिम्मेवार र जवाफदेही रहने गरी कामकाज गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।०८

प्रस्ताव नं २०७५।०७६-००७।०८ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको लिखित स्विकृत आदेश, कार्यालयसँगको लिखित सम्झौता विना कार्यालयमा पेश गरिने कुनै पनि प्रकारको विल भुक्तानि नगर्नु नगराउनुहुन गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशनात्मक आदेश जारी गर्ने निर्णय गरियो ।साथै यस्तो प्रकारको विल रकमको विवरण प्रत्येक कार्यपालिकाको बैठकमा पेश गरी सो बैठकको निर्णयबमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।०९

प्रस्ताव नं २०७५।०७६-००७।०९ उपर छलफल गर्दा घिरिङ हटिया नेवा खल घिरिङ ३ तनहुँलाइ तपशिल बमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियोः

तपसिलः

घिरीङ हटिया नेवा खलः घिरिङ ३ तनहुँ लाइ आर्थिक सहयोग रु ५०००० पचास हजार मात्र ।

निर्णय नं २०७५।०७६-००७।१०

प्रस्ताव नं २०७५।०७६-००७।१० उपर छलफल गर्दा गाउँसभाको स्विकृत बजेटको परिधिमा रहि घिरिङ गाउँपालिका तनहुको सन्तुलित र दिगो विकासको लागि गाउँपालिकाको आवधिक गुरुयोजना तर्जुमा गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।११

प्रस्ताव नं २०७५।०७६-००७।११ उपर छलफल गर्दा गाउँसभाको स्विकृत बजेटको परिधिमा रहि घिरिङ गाउँपालिका तनहुको समग्र विषयहरु समावेश गरी गाउँपालिकाको यथार्थ बस्तुस्थिति चित्रण हुने भिडियो डकुमेन्ट्रि निर्माण गर्न रु १००००० अक्षेरुपि एक लाख मात्र मात्र विनियोजन गरी आवश्यक काम कारवाही सुचारु गराउन कार्यालयलाइ आदेश जारी गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।१२

प्रस्ताव नं २०७५।०७६-००७।१२ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाभित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको लेटर प्याड र कार्यालयको नाम तपसिल बमोजिमको नमुना अनुसार लागु गर्ने निर्णय गरियो ।

तपसिलः

घिरिङ गाउँपालिका

..... स्वास्थ्य चौकी

घिरिङ ..... तनहुँ

गण्डकी प्रदेश नेपाल

स्थापना बर्ष

..... स्वास्थ्य चौकीको स्थानमा सामुदायिक स्वास्थ्य इकाइ लेख्न सकिने ।

निर्णय नं २०७५।०७६-००७।१३

प्रस्ताव नं २०७५।०७६-००७।१३ को विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिमको व्यक्तिको मृगौला फेल भएको कारण उपचारको लागी आर्थिक सहयोग स्वरुप रु १०००० दश हजार मात्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।१४

प्रस्ताव नं २०७५।०७६-००७।१३ को विविध प्रस्ताव उपर छलफल गर्दा भङ्याङ राष्ट्रिय दैनिकका बिश्वबन्धु भण्डारीको सम्पादकीयमा प्रकाशन हुन लागेको पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग स्वरुप रु १०,००० अक्षेरुपी दश हजार मात्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।१५

प्रस्ताव नं २०७५।०७६-००७।१३ को विविध प्रस्ताव उपर छलफल गर्दा गाउँपालिका उपाध्यक्षको कार्यालयमा नियमित रुपमा कार्यालयमा २०७५ साउन १ गतेदेखी लागु हुने गरी आउदाँजाँदा आवतजावत खर्च वापत मासिक यातायात खर्च स्वरुप एकमुष्ठ रु ९००० अक्षेरुपी नौ हजार मात्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।१६

प्रस्ताव नं २०७५।०७६-००७।१३ को विविध प्रस्ताव उपर छलफल गाउँपालिका अध्यक्षको तथा गाउँपालिकाको कानुनी सल्लाहकारको रुपमा कार्य गर्ने गरी सेवा करारमा लिन मासिक रु २३५००। अक्षेरुपि तेइस हजार मात्र प्रदान गर्ने गरी अध्यक्षबाट नियुक्त गर्ने गरी काममा लगाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००७।१७

प्रस्ताव नं २०७५।०७६-००७।१३ को विविध प्रस्ताव उपर छलफल गाउँ कार्यपालिकाको बैठक अन्त्य गर्ने निर्णय गरियो ।

प्रस्तावहरुः

२०७५।०७६-००८।०१ सर्वोच्च अदालतमा लिखित जवाफ सम्बन्धमा ।

२०७५।०७६-००८।०२ विविध सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं २०७५।०७६-००८।०१

प्रस्ताव नं २०७५।०७६-००८।०१ उपर छलफल गर्दा सम्माननिय सर्वोच्च अदालतबाट घिरिङ गाउँपालिका तनहुँको नाममा मिति २०७५ कार्तिक १२ गते तामिल भएको रिट नं ०७४-wo-०३१२ विषय उत्प्रेषणको मुद्धामा लिखित जवाफ पेश गर्ने पेशी बुझ्ने लगायतका सम्पूर्ण अदालती प्रकृयाहरुमा गाउँ कार्यपालिकाको तर्फबाट गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृलाई अख्तियारी प्रदान गर्ने साथै उक्त रिटको लागि तपशिल बमोजिमको लिखित जवाफ प्रेषण गर्ने निर्णय गरियो ।

तपसिलः

सम्मानित श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

रिट नं.:- 074-wo-0312

प्रतिवादी नं ४३१ को घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तनहुँको तर्फवाट ऐ. का प्रमुख प्रशासकिय अधिकृत श्री सन्तोष ढुङ्गाना ....
लिखित जवाफ प्रस्तुतकर्ता/प्रत्यर्थी

विरुद्ध

नेपाल विद्यालय कर्मचारी यूनियनको तर्फबाट अधिकारप्राप्त व्यक्ति ऐ. का अध्यक्ष तारानाथको छोरा बर्ष ४६ का कमल प्रसाद खतिवडा ....
.....……. विपक्षी/रिट निवेदक

मुद्धाः उत्प्रेषण परमादेश लगायत अन्य जो चाहिने आदेश जारी गरि पाँउ ।

रिट निवेदक कमल प्रसाद खतिवडा समेतले यस गाउँ कार्यपालिकाको कार्यालय समेतलाई विपक्षी बनाइ दायर गरेको उत्प्रेषण परमादेश लगायत अन्य चाहिने आदेश जारी गरि पाँउ भन्ने मुद्धा सम्मानित सर्वोच्च अदातलतमा रिट निवेदन परी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।१०।१५ मा यस कार्यालयका नाउँमा जारी भएको आदेश सहितको म्याद मिति २०७५।०७।१२ गते तामेल भई उक्त सूचनाको समयवधि अर्थात १५ दिनभित्र लिखित जवाफ पेश गर्नुपर्नेमा नेपालीहरुको महान पर्व दिपावलीको लामो विदा तथा कार्यालयको कार्यव्यस्थताले गर्दा कावु भन्दा बाहिरको परिस्थितिले म्याद गुज्रिन गएको हुदाँ गुज्रिएको म्याद

छुट्टै निवदेनवाट थमाइ थामी पाएको म्याद भित्रै सत्य तथ्य व्यहोराहरु निम्न प्रकरणहरुमा खुलाइ यो लिखित जवाफ तयार गरि सम्मानित सर्वोच्च अदालतमा पेश गरिएको छ ।

१. रिट निवेदकको विस्तृत विवरण तथा तथ्य रिट निवेदनबाट नै अवगत हुने हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन । अन्य विपक्षीहरुको हकमा निजहरुबाट नै लिखित जवाफ पेश हुने भएकोले यस गाउँ कार्यपालिकाको कार्यालयको हकमा मात्र लिखित जवाफ पेश गरिएको छ ।

२. यसमा रिट निवेदक समेत नेपाल राज्य भरका विद्यालयहरुमा विभिन्न पदमा कार्यरत कर्मचारीहरुको सेवा सुविधामा विभेद भई निजहरु पिडित रहेको कुरा निजहरुबाटै निवेदन व्यहोराबाट प्रष्ट हुन आउँछ ।

३. नेपालको संविधान (२०७२) को धारा ५६ को उपधारा १ संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ प्रदेश र स्थानिय तह गरी तीन तहको हुनेछ भन्ने कुरा उल्लेख छ भने धारा ५७ को उपधारा ६ मा "उपधारा ३ वा ५ बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउदा संघीय कानूनसँग नवाझिने गरी बनाउनु पर्ने, प्रदेश सभा गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघ कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ" भनि उल्लेख भएको छ भने सोही धाराको उपधारा ७ मा "उपधारा ५ बमोजिम गाउँ सभा वा नगर सभाले कानून बनाउदा प्रदेश कानून सँग नवाझिने गरी बनाउनु पर्नेछ र गाउँ सभा वा नगर सभाले बनाएको त्यतो कानून प्रदेश कानून सँग बाझिएको हदसम्म अमान्य हुनेछ" भनि देशको मुल कानून संविधानमा उल्लेख भएको हुँदा देशमा संघीय शासन प्रणाली स्थापना भएपछी हालसम्म संघीय सरकार र प्रदेश सरकारवाट संघीय शिक्षा ऐन वा प्रदेश शिक्षा ऐन जारी नभइसकेको अवस्थामा गाउँपालिकाले विपक्षीले दावी गरे बमोजिम स्थानीय शिक्षा ऐन जारी गरि रिट निवेदकको माग बमोजिमको सेवा, सुविधा सम्बन्धमा व्यवस्था गर्न सक्ने अवस्था नदेखिदा संघीय शिक्षा ऐन जारी नहुँदा सम्म विपक्षीले यस गाउँपालिका विरुद्ध सम्मानित अदालतमा रिट दायर गर्नु कानूनी रुपमा उपर्युक्त देखिदैन ।

४. स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ ज मा उल्लेखित गाउँपालिका वा नगरपालिकाको शिक्षा सम्बन्धी २३ वटा काम, कर्तव्य र अधिकारहरुमा कहि कतै पनि विद्यालयका शिक्षक तथा कर्मचारीहरुको सेवा, सुविधा, नियुक्ति, सरुवा, बढुवाको अधिकार गाउँपालिकालाइ भएको देखिदैन । सोही दफाको व्याख्या गर्दै सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।१।२७ गते रिट नं ०७४-WO-००३७ को उत्प्रेषण, परमादेश तथा प्रतिषेध समेत मुद्दामा र मिति २०७५।२।८ गते रिट नं ०७४-Wo-०८३२ को उत्प्रेषण मुद्दामा समेत गाउँपालिकालाइ विद्यालयका शिक्षक तथा कर्मचारीहरुको नियुक्ति सरुवा तथा सेवा सुविधा सम्बन्धमा अधिकार नभएको आशयको आदेश जारी भएको अवस्था छ ।

५. नेपाल सरकार, शिक्षा विभाग, मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा सानोठिमी भक्तपुरबाट च नं ६७ मिति २०७५।२।२ गते सवै शिक्षा विकास तथा समन्वय ईकाईहरु र सवै क्षैत्रिय शिक्षा निर्देशनालयहरुलाइ भएको करारमा शिक्षक नियुक्ति सम्बन्धमा भन्ने परिपत्रमा यस विभागको च नं ११३ मिति २०७४।१२।२१ गतेको पत्रबाट शिक्षकहरुको नियुक्ति, सरुवा, वढुवा र दरवन्दी मिलान सँग सम्बन्धित कार्यहरु नगर्न नगराउन निर्देशन गरिएकोमा विद्यालयमा रहेको शिक्षक दरवन्दी तथा शिक्षक अनुदान कोटामा करारमा शिक्षक नियुक्ती सम्बन्धी कार्यहरु पूर्ववत रुपमा नियमानुसार गर्न गराउनुहुन अनुरोध छ ।

६. नेपाल सरकार, शिक्षा विभाग, मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा सानोठिमी भक्तपुरबाट चं नं ६७ मिति २०७५।०२।०२ गते सबै शिक्षा विकास तथा समन्वय ईकाईहरु र सवै क्षेत्रिय शिक्षा निर्देशनालयहरुलाई भएको करारमा शिक्षक नियुक्ती सम्बन्धमा भन्ने परिपत्रमा "यस विभागको च नं ११३ मिति २०७४।१२।२१ गतेको पत्रवाट शिक्षकहरुको नियुक्ति, सरुवा, बढुवा र

दरवन्दी मिलान संग सम्बन्धित कार्यहरु नगर्न नगराउनुहुन निर्देशन गरीएकोमा विद्यालयमा रहेको शिक्षक दरवन्दी तथा शिक्षक अनुदान कोटामा करारमा शिक्षक नियुक्ती सम्बन्धी कार्यहरु पूर्ववत रुपमा नियमानुसार गर्नु गराउनु हुन अनुरोध छ'' भनि परिपत्र भएको हुँदा यसवाट गाउँपालिकाले विपक्षीले दावी गरे बमोजिम निजहरुको माग सम्बोधन गर्न सक्ने अधिकार गाउँपालिकालाइ नभइ संघीय सरकारमा रहेको कुरा प्रष्ट हुन आउँछ ।

७. गाउँपालिका स्थापना भएदेखी नै संघीय सरकारबाट विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलब तथा सुविधा वापतको रकम नेपाल सरकारबाट शसर्त अनुदान अन्तर्गत गाउँपालिकामा प्राप्त हुने र सो रकम जे जुन शिर्षकमा जसरी खर्च गर्ने शर्त तोकीएको हुन्छ सोही शिर्षकमा तोकिएबमोजिम मात्र खर्च लेख्नु पर्ने हुँदा गाउँपालिकाले शिक्षक तथा कर्मचारीहरुको सुविधा सम्बन्धमा कुनै काँटछाँट गर्ने अधिकार नभएको हुँदा विपक्षीहरुले यस गाउँपालिका विरुद्ध रिट दायर गर्नु तर्क संगत देखिदैन ।

८. अतः गाउँ कार्यपालिकाको कार्यालयबाट गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षक तथा कर्मचारीहरुको अभिलेख अद्यावधिक गर्ने जिम्मेवारी हुँदा सो कार्य ईमान्दारीपूर्वक भएको तर विपक्षीहरुको सेवा सुविधा लगायतका विषयहरुमा संघीय शिक्षा ऐंन जारी नहुँदासम्म गाउँपालिकाको के कति अधिकार हो भन्ने विषयमा अन्योलता रहेको हुँदा विपक्षीहरुको माग बमोजिमको जिम्मेवारी तत्काल गाउँपालिका तहबाट गर्न नसकिने हुँदा विपक्षीले कपोकल्पित र अनुमानको भरमा यस गाउँपालिकालाइ समेत विपक्षी बनाई सम्मानित अदालतमा दायर भएको रिट निवेदनबाट फुर्सद दिलाई पाउन सादर अनुरोध साथ यो लिखित जवाफ पेश गरिएको छ ।

९. संलग्न प्रमाण कागज

क सम्मानित अदालतबाट यस कार्यालयका नाममा जारी भएको सूचना म्यादको प्रतिलिपि थान १

१०. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउला ।

लिखित जवाफ प्रस्तुतकर्ता
सन्तोष ढुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत
घिरिङ गाउँपालिका, तनहुँ ।

ईति सम्वत २०७५ साल मंसिर ११ गते रोज ३ शुभम् ।

निर्णय नं २०७५।०७६-००८।०२

प्रस्ताव नं २०७५।०७६-००८।०२ विविध प्रस्ताव उपर छलफल गर्दा घिरिङ गाउँपालिका कार्यपालिकाको **निर्णय नं २०७५।०७६-००७।१३ मा संशोधन गरी** तपसिल बमोजिमको व्यक्तिको मृगौला फेल भएको कारण उपचारको लागी आर्थिक सहयोग स्वरुप रु १०००० दश हजार मात्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

१ घिरिङ गाउँपालिका तनहुँ वडा नं ३ बस्ने श्री टेक बहादुर थापाको नाती श्री चमानसिंह थापाको छोरा श्री प्रेम थापा लाइ आर्थिक सहयोग प्रदान गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-००९।०१ घिरिङ गाउँपालिका तनहुँको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५ पारित गर्ने सम्बन्धमा ।
२०७५।०७६-००९।०२ कार्यविधि संशोधन सम्बन्धमा ।
२०७५।०७६-००९।०३ आ व २०७५।०७६ को प्रथम चौमासिक खर्च अनुमोदन सम्बन्धमा ।
२०७५।०७६-००९।०४ नदिजन्य पदार्थ उत्खनन सम्बन्धमा
२०७५।०७६-००९।०५ मेसिनरी तथा सवारी साधन सम्बन्धमा ।
२०७५।०७६-००९।०६ नियुक्ति अनुमोदन सम्बन्धमा ।
२०७५।०७६-००९।०७ गाउँ शिक्षा समिति गठन सम्बन्धमा ।
२०७५।०७६-००९।०८ साभुङ्ग हटिया स्वास्थ्य चौकीमा कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा ।
२०७५।०७६-००९।०९ इन्जिनियर सेवा प्राप्त गर्ने सम्बन्धमा ।
२०७५।०७६-००९।१० आँखा शिविर सञ्चालन सम्बन्धमा ।
२०७५।०७६-००९।११ अघिल्लो आर्थिक बर्षको कृषि तथा पशु सेवा तर्फको अनुदान वितरण सम्बन्धमा ।
२०७५।०७६-००९।१२ अपाङ्ग लक्षित कार्यक्रम सम्बन्धमा ।
२०७५।०७६-००९।१३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-००९।०१

प्रस्ताव नं २०७५।०७६-००९।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ मा अपाङ्गता भएका नेपाली नागरिकता प्राप्त गर्न योग्य व्यक्तीहरुलाइ सिफारिस गर्दा त्यस्तो नागरिकता प्रमाणपत्र अनिवार्य गर्ने गरी पारित गर्ने ।

निर्णय नं २०७५।०७६-००९।०२

प्रस्ताव नं २०७५।०७६-००९।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका योजना भुक्तानी अनुगमन मुल्याङ्कन तथा योजना फरफारक एवं भुक्तानी कार्यविधि २०७५ को दफा ३ को गाउँपालिका स्तरिय अनुगमन तथा मूल्याङ्कन समितिको गठन नेपाल सरकारबाट स्विकृत स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ६.२.१ को अनुगमन तथा सुपरिवेक्षण समितिको गठनसँग बाझिएकोले सो सम्बन्धमा स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ६.२.१ बमोजिम हुने गरि संशोधन गर्ने ।

निर्णय नं २०७५।०७६-००९।०३

प्रस्ताव नं २०७५।०७६-००९।०३ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक बर्ष २०७५।०७६ को प्रथम चौमासिकमा भएको चालू खर्च तथा पुजिगँत खर्च तर्फको (वित्तिय समानिकरण शशर्त अनुदान सामाजिक सुरक्षा नेपाल सरकारबाट हस्तान्तरण भइ आएको कार्यक्रम) सम्पूर्ण रु ७,००,५८,९५८।अक्षेरुपि सात करोड अन्ठाउन्न हजार नौ सय अन्ठाउन्न मात्र खर्च

भएकोमा उक्त खर्च अनुमोदन गर्ने ।साथै प्रथम चौमासिकको खर्चको फाँटवारी यसै निर्णयसाथ संलग्न गरिएको छ ।

निर्णय नं २०७५।०७६-००९।०४

प्रस्ताव नं २०७५।०७६-००९।०४ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट गाउँ कार्यपालिकाको मिति २०७५।०५।१२ को निर्णय नं १ को आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानूनको अधिनमा रहेर मिति २०७५।०५।१३ गते कार्यालयमा र २०७५।०५।१४ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार ३० दिनको म्याद सहित नदिजन्य पदार्थ विक्रि तथा उत्खनन सम्बन्धमा ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान भएकोमा कुनै पनि नदिघाटको ठेक्का विक्रि नभएकोले पुन दोश्रो पटक मिति २०७५।०६।१९ गते प्रकाशित सूचना अनुसार सम्पूर्ण घाटहरु बिक्रि हुन नसकी घिरिङ गाउँपालिका वडा नं १ र वडा नं ४ को खैरेनी घाट, खुम्लिनटार घाट, कालिगण्डकी नदि बायाँ किनारा बालिघाटमा मात्र ठेक्का लागेको कार्यालयबाट जानकारी प्राप्त भएकोमा पटक पटक सूचना प्रकाशन गर्दा पनि घाट विक्रि नहुँदा गाउँपालिकाभित्र सञ्चालन हुने योजना कार्यान्वयका लागि अत्यावश्यक मालसामान उपलब्धता नहुने, गाउँपालिकाको आन्तरिक आयमा समेत कमि तथा नदिजन्य पदार्थको चोरी निकासी निकासी हुन सक्ने भएको तथा सो को नियमित निगरानी गर्न गाउँपालिकासँग पर्याप्त कर्मचारी नभएकोले जिल्ला समन्वय समितिको कार्यालय तनहुँको मिति २०७५।४।३१ चलानी नं ७५ पं सं ०७५।०७६ को प्राप्त पत्रानुसारको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन स्वीकृत भएको आधारमा घिरिङ गाउँपालिका तनहुँको सिमामा रहेको कालिगण्डकी नदी क्षेत्रमा रहेको ढुङ्गा, गिटी, वालुवा ठेक्काको लागि प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५ अनुसुची ६ को दफा ८ संग सम्बन्धीतको दर रेट रहने गरी तपसिल बमोजीमको घाटलाई छुट्टाछुट्टै प्याकेज हुने गरी पुनः ७ दिनको म्याद दिइ ठेकदारबाट गाउँपालिकालाइ तिर्नु पर्ने सम्पुर्ण राजश्वको रकम सम्झौता गर्नुपुर्व गाउँपालिकाको सञ्चित कोष खातामा सम्पुर्ण राजश्व वापतको रकम जम्मा गरी ठेक्का सम्झौता गर्ने गरी शिलबन्दी वोलपत्रको सूचना आव्हान गर्ने निर्णय गरियो ।

तपसिल

१) तिम्सेना घाट

२) भण्डारी घाट

३) फुलवारी मालेबगर घाट

४) मैदे देमान घाट नदिनको वाँया किनार

५) रानीघाट

६) सिन्दुर पुच्छार घाट

७) बटौली घाट

८) बालुवाटार घाट

निर्णय नं २०७५।०७६-००९।०५

प्रस्ताव नं २०७५।०७६-००९।०५ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कार्यालय प्रमुखका लागि एक थान मोटरसाइकल र गाउँपालिका उपाध्यक्षको प्रयोजनका लागि एक थान स्कुटर खरिद गर्ने ।

निर्णय नं २०७५।०७६-००९।०६

प्रस्ताव नं २०७५।०७६-००९।०६ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय नं २०७५।०७६-००७।१६ को आधारमा गाउँपालिका अध्यक्षबाट सल्लाहकारमा नियुक्त श्री सुमन कुमार श्रेष्ठको नियुक्ति अनुमोदन गरी कार्यपालिकाको मिति २०७५।५।३ को निर्णय नं ७ का आधारमा नवढ्ने गरी गाउँपालिकामा सामाजिक परिचालकमा नियुक्त श्री मेनका थापा र शान्ता खनाललाइ मिति २०७५।०६।०१ गतेदेखी लागु हुनेगरी २०७५ पुष सम्म लागु हुने गरी करार म्याद थप गर्ने ।

निर्णय नं २०७५।०७६-००९।०७

प्रस्ताव नं २०७५।०७६-००९।०७ उपर छलफल गर्दा घिरिङ गाउँपालिका गाउँ शिक्षा समिति गठन गर्ने सम्बन्धमा गाउँपालिका अध्यक्ष श्री रन बहादुर रानाज्यूलाइ अधिकार प्रत्योजन गरि अनुमोदनका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं २०७५।०७६-००९।०८

प्रस्ताव नं २०७५।०७६-००९।०८ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाको साभुङ हटिया स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदमा सेवा करारमा रहेर कार्य गर्ने गरी मासिक रु ५००० सेवा सुविधा प्रदान गर्ने गरी करार सेवामा नियुक्त गर्ने ।

निर्णय नं २०७५।०७६-००९।०९

प्रस्ताव नं २०७५।०७६-००९।०९ उपर छलफल गर्दा घिरिङ गाउँपालिकामा स्थाइ दरवन्दीमा इन्जिनियर सिभिल तर्फको पदमा कुनै पनि कर्मचारी नहुदा काम कारवाहीमा असर परेको हुँदा कार्यपालिकाको निर्णय नं २०७५।०७६-००५।०९ का आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको इन्जिनियर पदमा कार्यरत इन्जिनियरलाइ अतिरिक्त सेवा सुविधा वापत प्रति घण्टा कार्यवापत हुन आउने रकम वराबरको रकम सेवा सुविधा प्रदान गर्ने गरी चन्द्रज्योती प्राविधिक शिक्षालय घिरिङ ३ तनहुँमा कार्यरत इन्जिनियरलाइ गाउँपालिकामा समेत यही निर्णय बमोजिमका आधारमा कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-००९।१०

प्रस्ताव नं २०७५।०७६-००९।१० उपर छलफल गर्दा हिमालयन आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा घिरिङ गाउँपालिका तनहुँको आयोजनामा घिरिङ गाउँपालिकामा २०७५ पुस २० गतेदेखी पुस २२ गतेसम्म आँखा शिविर सञ्चालन गर्ने उक्त शिविर अवधिभर सो टोलीमा आउनुहुने सम्पुर्ण

सदस्यहरुलाइ २०७५ पुष १९ गते बेलुकादेखी शिविर सम्पन्न नभएसम्मका लागि घिरिङ गाउँपालिकामा बस्ने खाने खर्चको व्यव्स्था गाउँपालिकाबाटै उपलब्ध गराउन स्विकृत प्रदान गर्ने ।

निर्णय नं २०७५।०७६-००९।११

प्रस्ताव नं २०७५।०७६-००९।११ उपर छलफल गर्दा अघिल्लो आर्थिक बर्ष २०७४।०७५ को कृषि सेवा तथा पशु सेवा शाखाबाट विनियोजित रकमबाट अनुगमनका आधारमा सम्बन्धित कृषकहरुलाइ सम्बन्धित वडा कार्यालयहरुको अनुगमन प्रतिवदेन तथा सिफारिस तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा अनुदान वितरण प्रदान गर्ने सोको सम्पुर्ण विवरण यसैसाथ संलग्न गरिएको छ ।

निर्णय नं २०७५।०७६-००९।१२

प्रस्ताव नं २०७५।०७६-००९।१२ उपर छलफल गर्दा गाउँसभाबाट स्विकृत बजेटको परिधिमा अपाङ्ग लक्षित कार्यक्रम तर्फको रु ३ लाख मध्येबाट घिरिङ गाउँपालिकाभित्रका अपाङ्गहरुलाइ ह्विलचेयर लगायतका सामाग्रीहरु वितरण र ३ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं २०७५।०७६-००९।१३

प्रस्ताव नं २०७५।०७६-००९।१३ विविध प्रस्ताव उपर छलफल गर्दा निम्नानुसारका निर्णयहरु गरियोः

निम्नः

क) गाउँसभाको स्विकृत बजेटको परिधिमा रहेर चन्द्रज्योती प्राविधिक विद्यालय घिरिङ ३ तनहुँमा इन्टरनेट जडान गर्ने ।

ख) भिमाद महोत्सवमा आर्थिक सहयोग रु ५० हजार प्रदान गर्ने ।

ग) जनज्योती क्याम्पस भिमाद तनहुँको ज्योतीपुञ्ज स्मारिका २०७५ प्रकाशनका लागि सहयोग रु १० हजार प्रदान गर्ने ।

घ) एकदेव आले स्मृति प्रतिष्ठानका लागि स्मारिका प्रकाशनका लागि सहयोग रु २० हजार प्रदान गर्ने ।

ङ) पराशर कलेज दमौलीको स्मारिका प्रकाशनका लागि आर्थिक सहयोग रु १० हजार प्रदान गर्ने ।

च) गाउँपालिकामा नियमित रुपमा प्राप्त भइरहेको कृषि पत्रिकाको लागि मासिक रु १५०० का दरले २०७६ असार मसान्त सम्म नियमित पत्रिका वापतको रकम उपलब्ध गराउने ।

छ) घिरिङ गाउँपालिका ५ को श्री कमानसिंह रानालाइ गाउँपालिकाको दृश्य झल्किने गरी गिति एल्बम निकाल्नका लागि सहयोग रु १० हजार प्रदान गर्ने ।

आजका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१०।०१ घिरिङ गाउँपालिकामा प्रहरी चौकी स्थापना सम्बन्धमा ।
२०७५।०७६-०१०।०२ आ व २०७४।०७५ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२०७५।०७६-०१०।०३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१०।०१

प्रस्ताव नं २०७५।०७६-०१०।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको कार्यपालिकाको निर्णय नं २०७५।०७६-००६।०१ को अधिनमा रहि प्रहरी कार्यालय स्थापनाको लागि प्रदेश र स्थानिय सरकारको साझेदारीमा प्रहरी चौकी स्थापना गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश नेपालको मिति २०७५।०९।०२ को प्रकाशित सूचनाका आधारमा गाउँपालिका केन्द्र पोखरीछापमा रहने प्रहरी चौकी निर्माणका लागि लागत साझेदारीताका लागि कूल लागतको १० प्रतिशत रकम सुनिश्चित गराउने र सो निर्णय अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने ।

निर्णय नं २०७५।०७६-०१०।०२

प्रस्ताव नं २०७५।०७६-०१०।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आ व २०७४।०७५ मा गाउँ कार्यपालिकाको कार्यालयबाट खर्च भएका सम्पूर्ण खर्चहरुको महालेखा परीक्षको कार्यालयबाट अन्तिम लेखापरीक्षण सम्पन्न भइ प्रारम्भिक प्रतिवेदन उपर छलफल गरि सो प्रतिवेदनमा औल्याइएका विषयहरुलाइ सुधार गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१०।०३

प्रस्ताव नं २०७५।०७६-०१०।०३ को विविध प्रस्ताव उपर छलफल गर्दा आजका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०११।०१ घिरिङ गाउँपालिकामा बिशिष्ट ब्यक्तीहरुको अतिथ्यता सम्बन्धमा ।
२०७५।०७६-०११।०२ गरिवसँग बिशेश्वर कार्यक्रमको सम्बन्धमा ।
२०७५।०७६-०११।०३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०११।०१

प्रस्ताव नं २०७५।०७६-०११।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा संघिय सरकारका माननिय रक्षामन्त्रीज्यू सहित माननिय संघिय सांसद लगायतका विशिष्ट व्यक्तिहरुको आतिथ्यताका लागि जसअन्तर्गत काठमाण्डौबाट घिरिङ सम्म आउदा जाँदा लाग्ने यातायात खर्च गाउँपालिकामा रहदासम्मको लागि लाग्ने सम्पूर्ण खर्चहरु गाउँपालिकावाट व्यहोर्ने गरी निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०११।०२

प्रस्ताव नं २०७५।०७६-०११।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको कार्यपालिकाको निर्णय नं २०७५।०७६-००२।०७ (घ) मा तपसिल बमोजिम संशोधन गर्ने साथै गरिवसँग विशेश्वर कार्यक्रम बजेट उपशिर्षक ३१२२०५ तर्फको खर्च शिर्षक नं २६३२२ स्थानिय निकाय सशर्त पूजिँगत अनुदान तर्फको रु २००००० अक्षेरुपी दुइ लाख मात्र तपशिल बमोजिमका कार्यक्रममा खर्च गर्ने गरि कार्यक्रम स्विकृत गर्नेः

तपसिलः

(क) गरिवसँग बिशेश्वर कार्यक्रम तर्फ कार्यरत सामाजिक परिचालक श्री विमला श्रेष्ठको मासिक तलब भत्ता रु १४९०० अक्षेरुपि चौध हजार नौ सय मात्र मासिक एक महिनाको तलब भत्ता बराबरको रकम बर्षको एक पटक चाडवाड खर्च बापतको रकम समेत पाउने गरी २०७५ साउन १ गतेदेखी लागुहुनेगरी २०७६ असार मसान्तसम्मका लागि करार सम्झौता गरि नियमित कामकाजमा लगाउने ।

(ख)बजेट उपशिर्षक ३१२२०५ खर्च शिर्षक २६३२२ स्थानिय निकाय सशर्त पूजिँगत अनुदान अन्तर्गतको रु २ लाखबाट घिरिङ गाउँपालिका भित्रका विपन्न गरिव, दलित, अल्पसंख्यक परिवारहरुमा लक्षित गरि निम्न कार्यक्रमहरु सञ्चालन गराउनेः

क स	कार्यक्रमको नाम	विनियोजित बजेट रु	कैफियत
१	सचेतना अभिबृद्धि कार्यक्रम	५५,०००	
२	विपन्न परिवारहरुमा माउ बाखा वितरण	९०,०००	
३	वडा नं ५ मा रहेको खानेपानी मुहान मर्मत सम्भार	२०,०००	
४	विपन्न परिवारमा आरन पंखा वितरण	१०,०००	
५	उन्नत जातको कुखुराको चल्ला वितरण	२५,०००	
	जम्मा बजेट रु	२,००,०००	

निर्णय नं २०७५।०७६-०११।०३

प्रस्ताव नं २०७५।०७६-०११।०३ को विविध प्रस्ताव उपर छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराको पं सं ०७५।०७६, संघीय १२२ च नं ८५९ मिति २०७५।०८।२५ को पत्र प्राप्त भएको जानकारी भएकोमा सो सम्बन्धमा गाउँपालिकाले गण्डकी प्रदेशको निर्णयका आधारमा तथा गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयका आधारमा गाउँ कार्यपालिकाको बैठकमा प्रति वैठक रु १००० एक हजार मात्र, वडा समितिको प्रति बैठक रु ५०० पाँच सय मात्र, यातायात सुविधाको रुपमा प्रत्येक वडाअध्यक्षहरुलाइ एक एक थान सरकारी मोटरसाइकल उपलब्ध गराइएको साथै बैठकमा रहदा पदाधिकारीहरुलाइ गाउँपालिकाबाट खाजा खर्च उपलब्ध गरिएको व्यहोरा सहितको प्रतिकृया सहित आवश्यक कागजात पेश गराउने निर्णय गरियो ।

आजका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१२।०१ कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा ।
२०७५।०७६-०१२।०२ सडक सरसफाइ बापतको रकम भुक्तानी सम्बन्धमा ।
२०७५।०७६-०१२।०३ राष्ट्रिय मा वि घिरिङ २ तनहुँको भवन निर्माण सम्बन्धमा ।
२०७५।०७६-०१२।०४ सार्वजनिक सुनुवाइ सम्बन्धमा ।
२०७५।०७६-०१२।०५ स्वास्थ्य संस्थाहरुको घरभाडा भुक्तानी सम्बन्धमा ।
२०७५।०७६-०१२।०६ गाउँसभा बस्ने सम्बन्धमा ।
२०७५।०७६-०१२।०७ साविक गाविसका श्रेस्ता तथा जिन्सी सम्बन्धमा ।
२०७५।०७६-०१२।०८ योजनाको हिज्जे संशोधन सम्बन्धमा ।
२०७५।०७६-०१२।०९ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१२।०१

प्रस्ताव नं २०७५।०७६-०१२।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा करार सेवामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको करार म्याद २०७५ पुस १ गतेदेखी लागु हुने गरी २०७६ असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

तपसिलः

क्र स	पद	नाम थर	मासिक तलब भत्ता रु	कैफियत
१	सव इन्जिनियर	श्री विदुर मरहट्टा	२३५००	फिल्ड भत्ता रु ८०००
२	सवारी चालक	श्री होम बहादुर थापा	१८३४०	अतिरिक्त सेवा भत्ता रु ४०००
३	नायव पशु सेवा प्राविधिक	श्री मनोज श्रेष्ठ	२३५००	
४	नायव पशु स्वास्थ्य प्राविधिक	श्री सन्तोष सिग्देल	२३५००	
५	कार्यालय सहयोगी	श्री पुनम थापा	५०००	
६	कार्यालय सहयोगी	श्री खुममाया थापा	५०००	
७	कार्यालय सहयोगी	श्री विसरा थापा	५०००	
८	कार्यालय सहयोगी	श्री टेकमाया थापा	५०००	
९	कार्यालय सहयोगी	श्री राजु श्रेष्ठ	१२९८०	
१०	कार्यालय सहयोगी	श्री रशु श्रेष्ठ	१२९८०	
११	सामाजिक परिचालक	श्री शान्ता खनाल	१२०००	२०७४ पुस १ गतेदेखी २०७५ चैत्र मसान्त सम्म का लागि मात्र ।
१२	सामाजिक परिचालक	श्री मेनुका थापा	१२०००	
१३	अहेव	श्री भुवानी पोखरेल	१६५००	
१४	अनमी	श्री रोजिशा ढुङ्गाना	१६५००	
१५	अहेव	श्री सुमन थापा	१६५००	
१६	अहेव	श्री रेनुका श्रेष्ठ	१६५००	
१७	अनमी	श्री सुनिता राना	२२१७०	
१८	अनमी	श्री मिना परियार	२२१७०	
१९	अनमी	श्री दिलमाया थापा	२२१७०	
२०	कास	श्री पूर्ण बहादुर थापा	१२९८०	
२१	कास	श्री नर बहादुर थापा	१२९८०	

२२	अहेव	श्री विकास मान श्रेष्ठ	१११११	
२३	वास संयोजक	श्री सुनिता शर्मा न्यौपाने	३२५००	२०७५ चैत्र मसान्त सम्मका लागि मात्र ।
२४	वास सव इन्जिनियर	श्री सुरेन्द्र श्रेष्ठ	३९५००	
२५	वास सहजकर्ता	श्री प्रेम बहादुर रानाभाट	२४५००	
२६	वास सहजकर्ता	श्री बद्रि प्रसाद पौडेल	२४५००	
२७	वास सहजकर्ता	श्री संजय अधिकारी	२४५००	
२८	सुचना प्रविधि अधिकृत	श्री बिष्णु पोखेल	३०५००	

निर्णय नं २०७५।०७६-०१२।०२

प्रस्ताव नं २०७५।०७६-०१२।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको मिति २०७५ असोज ०४ को निर्णय नं २०७५।०७६-००४।०१ को अधिनमा रही गाउँपालिकाभित्रका सहायकस्तरका मोटरबाटो सरसफाइ तथा मर्मतको कार्य सम्पन्न भएकोले सम्पूर्ण जिम्मेवारी गाउँ कार्यपालिका बैठकबाटै व्यहोर्ने गरी गाउँपालिकाबाट निर्धारित आवश्यक कागजातहरु प्राविधिक मूल्याङ्कनका आधारमा मर्मत सम्भार कोषतर्फ विनियोजित रु ७ लाख मध्येवाट रु अपुग रकम भैपरी आउँने पूजिगत खर्च शिर्षकबाट खर्च लेख्ने गरी गाउँपालिकाको तर्फबाट रु ९,३६,०००। अक्षेरुपि नौ लाख छत्तिस हजार मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०३

प्रस्ताव नं २०७५।०७६-०१२।०३ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको बार्षिक बजेटमा रहेको राष्ट्रिय मा वि घिरिङ २ तनहुँमा निर्माणाधिन भवन अनुगमका क्रममा निम्नानुसार त्रुटिपुर्ण कार्यहरु रहेको व्यहोरा रहेको पाइयोः

क) छतको विममा १६ मि मि को ४ वटा र १२ मि मि को २ वटा हुनुपर्नेमा ७ मि मि को ४ वटा मात्र रड प्रयोग भएको ।

ख) छतको ढलानको मोटाइ स्विकृत लागत अनुमान अनुसार मापदण्ड नपुगेको (कम्तिमा ४ इन्च हुनुपर्नेमा ३ इन्चमात्र भएको)

ग) छतमा डवल जाली हुनुपर्नेमा सिङ्गल मात्र डण्डी प्रयोग भएको ।

घ) भर्याङमा राखेको पिलर मापदण्ड विपरित भएको ।

ङ) छतमा चिरा देखिएकोले भवन निर्माण संहिता पालना नगरीकन लापरवाहीपुर्ण तवरले गरेका कार्य वापतको रकम भुक्तानी नदिने तथा प्राविधिक दृष्टिकोणबाट स्विकृत गर्न मिल्ने कामको मात्र मूल्याङ्कन गरि खर्च लेख्न निर्देशन गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०४

प्रस्ताव नं २०७५।०७६-०१२।०४ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको प्रथम चौमासिकको सार्वजनिक सुनुवाइ मिति २०७५ माघ १८ गते शुक्रवारका दिन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०५

प्रस्ताव नं २०७५।०७६-०१२।०५ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको स्वास्थ्य संस्थाहरुको तपसिल बमोजिमको घरधनीहरुसँग गरी २०७६ असार मसान्तसम्मका लागि घरभाडा सम्झौता गर्ने निर्णय गरियोः

तपसिलः

क्र स	घरधनिको नाम थर	स्वास्थ्य संस्थाको नाम	मासिक भाडादर	कोठा संख्या
१	श्री खेमराज पोखरेल	सामुदायिक स्वास्थ्य इकाइ अत्रौली	रु २०००	२ कोठा
२	श्री झम बहादुर अधिकारी	सामुदायिक स्वास्थ्य इकाइ गड्यौलीटार	रु १४००	२ कोठा
३		घिरिङ स्वास्थ्य चौकी	रु १२००	२०७५ भदौ ३ को निर्णयअनुसार
४	श्री सुकमाया थापा	सामुदायिक स्वास्थ्य इकाइ फूला	रु १५००	१ कोठा

निर्णय नं २०७५।०७६-०१२।०६

प्रस्ताव नं २०७५।०७६-०१२।०६ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आगामी गाउँसभा २०७५ माघ २३ गतेलाइ आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०७

प्रस्ताव नं २०७५।०७६-०१२।०६ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा गाभिएका साविकको घिरिङ सुन्धारा गाउँ विकास समितिको तत्कालिन लेखा श्रेस्ता जिन्सी सामानहरु हालको घिरिङ गाउँपालिका वडा नं २ वडा कार्यालयमा रहेको तथा साविक गजरकोट गाउँ विकास समितिको लेखा श्रेस्ता जिन्सी सामानहरु हालको घिरिङ गाउँपालिका वडा नं १ वडा कार्यालयमा रहेको साभुङ भगवतीपुर गाउँ विकास समितिको लेखा श्रेस्ता जिन्सी सामानहरु हाल घिरिङ गाउँपालिका वडा नं ५ मा रहेको व्यहोरा गाउँ कार्यपालिकाको वैठकबाट पारित गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०८

प्रस्ताव नं २०७५।०७६-०१२।०८ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको बार्षिक बजेट कार्यक्रममा स्विकृतका तपसिल बमोजिमका योजनाहरुको हिज्जे परिवर्तन गर्नेः

तपसिलः

हालको नाम	परिवर्तित नाम
कामधेनु कोटङर निर्माण धेनुङ	कामधेनु कोटघर निर्माण धेनुङ
ल्होडाँडा आमा समुह भवन निर्माण	लोहोडाँडा आमा समुह भवन निर्माण

नव प्रतिभा युवा कलवको भवन निर्माण पुर्कोट	नव प्रवर्तन युवा क्लव भवन निर्माण पुर्कोट
सिर्जना क्लव भवन कोलडाडा निर्माण	सिर्जना युवा क्लव भवन कोलडाँडा निर्माण
छिलछिले खानेपानी योजना लिफ्टिङ योजना बटौलिटार	छिलछिले खानेपानी योजना लिफ्टिङ योजना करुवाटार
झुर्राखोला पुल लिफ्टिङ खा पा निर्माण गड्यौलिटार	झुर्राखोला मुल लिफ्टिङ खानेपानी निर्माण गड्यौलीटार
कटहरे खानेपानी लिफ्टिङ	प्रगती गाउँ कटहरे खानेपानी लिफ्टिङ योजना

निर्णय नं २०७५।०७६-०१२।०९

प्रस्ताव नं २०७५।०७६-०१२।०९ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको न्यायिक समितिलाइ क्रियाशिल पार्न गाउँपालिकाको योजना शाखामा कार्यरत श्री पशुपति आचार्यलाइ थप जिम्मेवारी स्वरुप सो शाखाको कार्य गर्न जिम्मेवारी प्रदान गर्ने साथै उक्त समितिले प्रत्येक हप्ताको शुक्रवार न्यायिक निरोपणका कार्यहरु गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०१०

प्रस्ताव नं २०७५।०७६-०१२।०९ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा रहेर कार्य गर्न निवेदन पेश गरेको नमस्ते किड्स पोखरा ८ सभागृह कास्कीलाइ अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१२।०११

प्रस्ताव नं २०७५।०७६-०१२।०९ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालयबाट एक थान चारपाङ्ग्रे सवारी साधन महिन्द्रा स्करपियो प्राप्त भएको जानकारी प्राप्त भएकोमा सो सवारी साधन मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने निर्णय गरियो।

निर्णय नं २०७५।०७६-०१२।०१२

प्रस्ताव नं २०७५।०७६-०१२।०९ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा मिति २०७५ माघ १६ गते गण्डकी प्रदेशका माननिय पर्यटन मन्त्री विकास लम्साल आउनुहुने भएकोले सो दिन गाउँपालिकामा औपचारिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१३।०१ घिरिङ गाउँपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ पारित गर्ने सम्बन्धमा ।

२०७५।०७६-०१३।०२ घिरिङ गाउँपालिकाको नगर प्रहरी सम्बन्धी कानून पारित गर्ने सम्बन्धमा ।

२०७५।०७६-०१३।०३ गाउँपालिका भवन तथा अन्य योजनाहरुको DPR गर्ने ।

२०७५।०७६-०१३।०४ गाउँपालिका भित्रका योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि कार्यतालिका तर्जुमा गर्ने सम्बन्धमा ।

२०७५।०७६-०१३।०५ गाउँसभा बस्ने सम्बन्धमा ।

२०७५।०७६-०१३।०६ संघिय तथा प्रदेश कानूनबारे जानकारी ।

२०७५।०७६-०१३।०७ कार्यालयमा प्राप्त निवेदन, सूचना तथा पत्रहरुबारे जानकारी ।

२०७५।०७६-०१३।०८ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१३।०१

प्रस्ताव नं २०७५।०७६-०१३।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको घ बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को अनुसूचि २ मा इजाजत दस्तुर रु ५००० रहने गरि पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१३।०२

प्रस्ताव नं २०७५।०७६-०१३।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ पारित गरि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१३।०३

प्रस्ताव नं २०७५।०७६-०१३।०३ उपर छलफल गर्दा गाउँसभाबाट पारित पुँजिगत अनुसन्धान तथा परामर्श तर्फ विनियोजित बजेट रु २७१७१०८ तथा सेवा परामर्श तर्फको बजेट बाट निम्नबमोजिमका योजनाहरुको DPR तयार पार्नेः

निम्नः

गाउँपालिका केन्द्रमा भवन निर्माण सम्बन्धी विस्तृत परियोजना निर्माण गर्ने रु १० लाख ।

पाँच वटै वडा कार्यालयहरुको केन्द्रमा भवन निर्माण सम्बन्धी विस्तृत परियोजना १० लाख ।

पुट्टार एकिकृत बस्ति विकास योजना सम्बन्धी विस्तृत परियोजना निर्माण ५ लाख ।

चन्द्रकोट, च्याचुल, गजरकोट र उम्सेमा भ्यूटावर निर्माणको DPR गर्ने बजेटको परिधिमा रहि आवस्यकता अनुसार।

निर्णय नं २०७५।०७६-०१३।०४

प्रस्ताव नं २०७५।०७६-०१३।०४ उपर छलफल गर्दा घिरिङ गाउँपालिकाभित्रका योजना तथा कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन मार्फत प्रभावकारी सेवा प्रवाहको लागि निम्न बमोजिमको कार्यतालिका लागु गर्नेः

निम्नः

क) प्रत्येक हप्ताको आइतबारः विहिवार र शुक्रवारको फिल्ड अनुगमनका आधारमा गाउँपालिका भित्रका योजना तथा कार्यक्रमहरुको लागत अनुमान तयार पार्ने प्राविधिक मूल्याङ्कन गर्ने अन्तिम विल तयार पार्ने लगायतका प्रशासनिक कामकाज गर्ने सो दिन कुनै पनि योजना कार्यक्रम भुक्तानी नहुने ।

ख) प्रत्येक हप्ताको सोमबारः विहिवार र शुक्रवारको फिल्ड अनुगमन तथा आइतबारको प्रशासनिक कामकाजको आधारमा नियमित प्रशासनिका कामकाज सहित गाउँपालिका भित्रका योजना तथा कार्यक्रमहरुको लागत अनुमान तयार पार्ने प्राविधिक मूल्याङ्कन गर्ने अन्तिम विल तयार पार्ने लगायतका प्रशासनिक कामकाज गर्ने सो दिनको १ बजे नियमित रुपमा गाउँपालिकाको योजना फरफारक समितिको नियमित बैठक बसी भुक्तानीका लागि पेश भइआएका योजनाहरुको फरफारक गरी भुक्तानीका लागि सिफारिस गर्ने सो दिन कुनै पनि योजना कार्यक्रमको भुक्तानी नहुने ।

ग) प्रत्येक हप्ताको मंगलबार र बुधबारः सोमबारको गाउँपालिकाको योजना फरफारक समितिको नियमित बैठकबाट फरफारक गरी भुक्तानीका लागि सिफारिस भइआएका सम्पूर्ण योजना कार्यक्रमको भुक्तानी गर्ने ।

घ) प्रत्येक हप्ताको बिहिबार र शुक्रवारः नियमित रुपमा गाउँपालिकाभित्रका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा बिषयगत शाखाहरु समेतको सहभागितामा नागरिको घरदैलोमै उपलब्ध हुन सक्ने प्रकृतिका सेवा प्रवाह गर्ने सोदिन कार्यालयमा हुने अन्य दैनिक प्रशासनिक सेवा प्रवाह घुम्ति सेवाका रुपमा प्रदान गर्ने ।

साथै कार्यपालिकाको निर्णय नं २०७५।०७६-०१२।०९ मा न्यायिक समितको काम कारबाही नियमित रुपमा समितिले प्रत्येक हप्ताको सोमवार न्यायिक निरोपणका कार्यहरु गराउने गरी निर्णय शंसोधन गरियो ।

निर्णय नं २०७५।०७६-०१३।०५

प्रस्ताव नं २०७५।०७६-०१३।०५ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको घिरिङ गाउँपालिका तनहुँको आगामी गाउँसभा २०७५ माघ २९ गते मगंलबारलाइ आव्हान गर्ने यस अघिको कार्यपालकाको निर्णय संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१३।०६

प्रस्ताव नं २०७५।०७६-०१३।०६ उपर छलफल गर्दा नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारबाट पारित भइआएका कानूनहरुको बारेमा कार्यलयको तर्फबाट नियमित रुपमा बस्ने कार्यपालिका बैठकमा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१३।०७

प्रस्ताव नं २०७५।०७६-०१३।०७ उपर छुलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त हुन आएका तपसिल बमोजिमका पत्र निवेदन सूचनाहरुको जानकारी प्राप्त भएकोः

तपसिलः

क्र स	पत्र प्रेषण गर्ने निकाय, पदाधिकारीको नाम थर ठेगाना	पत्रको संक्षिप्त व्यहोरा	कैफियत
१	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं पत्र संख्या २०७५।०७६ चलानी नं ३०७९ मिति २०७५।१०।०९	मासिक डोर र ज्यालादारीका कर्मचारीहरु नियुक्त नगर्ने सम्बन्धमा ।	
२	घरेलु तथा साना उद्दोग विकास समिति तनहुको पत्र संख्या ०७५।०७६ चलानी नं १५८ मिति २०७५।१०।१३	उद्दमशिलता तालिम सञ्चालनका लागि २० जना सहभागि पठाइदिने सम्बन्धमा ।	
३	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं स्रोत परिचालन समन्वय शाखाको प स ०७५।०७६ चलानि नं ४६ मिति २०७५।१०।१५	स्थानिय कर सम्बन्धी सुझाव कार्यान्वयन सम्बन्धमा	
४	जिल्ला समन्वय समितिको कार्यालय तनहुको प स ०७५।०७६ चलानी नं ४४४ मिति २०७५।१०।२१	जिल्ला सभाको निर्णयअनुसार प्रस्ताव उपलब्ध गराउने सम्बन्धमा ।	
५	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं स्रोत परिचालन समन्वय शाखाको प स २०७५।०७६ चलानी न ४७ मिति २०७५।१०।२०	नयाँ उत्पादित सामानमा निकासी कर महसुल तथा दस्तुर लिन नमिल्ने सम्बन्धमा ।	
६	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च न ०७५।०७६।४३४४ मिति २०७५।०९।१५	एक नेपाली एक फलफुल विरुवा रोपण अभियान सम्बन्धमा ।	
७	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं स्रोत परिचालन समन्वय शाखाको प स ०७५।०७६ चलानी न ३० मिति २०७५।०८।२०	समपुरक तथा बिशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ सम्बन्धमा ।	
८	संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौं स्थानिय तह समन्वय	स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन	

	शाखाको प स २०७५।०७६ चलानी न ३६३ मिति २०७५।०९।३०	कार्यविधि) पहिलो संशोधन नियमावली २०७५ सम्बन्धमा ।	

निर्णय नं २०७५।०७६-०१३।०८

प्रस्ताव नं २०७५।०७६-०१३।०८ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको बार्षिक बजेट कार्यक्रममा स्विकृतका तपसिल बमोजिमका योजनाहरुको हिज्जे परिवर्तन गर्नेः

तपसिलः

हालको नाम	परिवर्तित नाम
अत्रौली खानेपानि योजना मर्मत	गजरकोट खानेपानी योजना मर्मत

निर्णय नं २०७५।०७६-०१३।०९

प्रस्ताव नं २०७५।०७६-०१३।०८ उपर छलफल गर्दा रु १ लाख बराबरको कार्यक्रम दरै सामुदायिक होम स्टे सञ्चालक समितिको कोषाध्यक्ष श्री बसन्ती दरैबाट प्राप्त प्रस्ताव लाइ स्विकृत गर्ने ।

निर्णय नं २०७५।०७६-०१३।१०

प्रस्ताव नं २०७५।०७६-०१३।०८ उपर छलफल गर्दा राहत उद्दार शिर्षकबाट तपसिल बमोजिमको व्यक्तीलाइ आर्थिक सहयोग प्रदान गर्नेः

तपसिलः

क) घिरिङ गाउँपालिका वडा नं १ कटहरेको चन्द्र कुमार दमैको मिति २०७५।१०।०९मा भएको आगलागिका कारण पूर्ण क्षति भएको कारण रु २०,००० विस हजार मात्र प्रदान गर्ने ।

ख) घिरिङ गाउँपालिका वडा नं २ को यम बहादुर थापाको श्रीमती श्री माया थापाको पाठेघरको क्यान्सर विरामी भइ वि पि कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा उपचार भैरहेकोले निजलाइ रु १०,००० दश हजार मात्र प्रदान गर्ने ।

निर्णय नं २०७५।०७६-०१३।११

प्रस्ताव नं २०७५।०७६-०१३।०८ उपर छलफल गर्दा मिति २०७५ माघ २१ गतेको गाउँ शिक्षा समितिको बैठकबाट प्राप्त रु १७ लाखको बजेट बाँडफाँड सहितको प्रस्ताव अनुमोदन गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१४।०१ गाउँसभा बस्ने सम्बन्धमा ।
२०७५।०७६-०१४।०२ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१४।०१

प्रस्ताव नं २०७५।०७६-०१४।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको गाउँसभाको चौथो अधिवेशनका लागि सम्पूर्ण कार्यप्रक्रिया सम्पन्न भएकोले मिति २०७५ माघ २९ गते सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१४।०२

प्रस्ताव नं २०७५।०७६-०१४।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आजको बैठक समापन गर्ने निर्णय गरियो ।

प्रस्तावहरुः-

२०७५।०७६-०१५।०१ हलुका सवारी चालक नियुक्ती गर्ने सम्बन्धमा ।
२०७५।०७६-०१५।०२ उपभोक्ता समितिमा सिफारिसमा दस्तुर सम्बन्धमा ।
२०७५।०७६-०१५।०३ कार्यपालिका बैठकमा खाजा सम्बन्धमा ।
२०७५।०७६-०१५।०४ इन्जिनियर सेवा सम्बन्धमा ।
२०७५।०७६-०१५।०५ घाट सञ्चालन सम्बन्धमा ।
२०७५।०७६-०१५।०६ पश्चिम नेपालको कार्यक्रम सम्बन्धमा ।
२०७५।०७६-०१५।०७ खोप केन्द्र सम्बन्धमा ।
२०७५।०७६-०१५।०८ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१५।०१

प्रस्ताव नं २०७५।०७६-०१५।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँ जिल्लामा प्राप्त ४ पाङ्ग्रे सवारी साधन महिन्द्रा स्करपियो नेपाल सरकारबाट प्राप्त सवारी साधन सञ्चालनका लागि हलुका सवारी चालक नियुक्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको सेवा सुविधा रहने गरि घिरिङ ३ तनहुँ निवासी हलुका सवारी चालक श्री चन्द्र वहादुर सार्कीलाइ २०७५ फाल्गुण ०७ गतेदेखी लागुहुने गरी २०७६ असार मसान्तसम्मका लागि करार सेवामा नियुक्त गर्ने ।

तपसिलः

१) मासिक तलब रु १८३४० अक्षेरुपी अठ्ठार हजार तीन सय चालिस मात्र ।

२) अतिरिक्त सेवा भत्ता रु ४००० अक्षेरुपी चार हजार मात्र ।

३) कार्यालय समय सार्वजनिक विदाका दिनमा समेत कार्य गर्नुपर्ने गरी ।

४) कार्यालयबाट यस बाहेक अन्य कुनै पनि सेवा सुविधा प्रदान नगर्ने गरी कामकाजमा लगाउने ।

निर्णय नं २०७५।०७६-०१५।०२

प्रस्ताव नं २०७५।०७६-०१५।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँबाट सञ्चालित योजनाहरुको उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको सिफारिसमा गाउँसभाको निर्णयअनुसार सम्बन्धित वडा कार्यालयबाट सिफारिस गर्दा सिफारिस दस्तुर लिने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१५।०३

प्रस्ताव नं २०७५।०७६-०१५।०३ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठकमा खाजा बापतको रकम सम्बन्धित पदाधिकारिहरुलाइ भरपाइ गराइ प्रति वैठक रु १५० सम्म खाजा खर्च प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१५।०४

प्रस्ताव नं २०७५।०७६-०१५।०४ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको कार्यपालिका बैठकको निर्णय नं २०७५।०७६-००९।०९ को निर्णय अनुसार इन्जिनियर श्री सुमित आलेमगरलाइ २०७६ असार मसान्तसम्मका लागि कार्यलय समय दिनको १ बजेदेखी ५ बजेसम्म रहने साथै शनिवार तथा सार्वजनिक विदाको दिनमा समेत कार्य गर्ने, इन्धन सुविधा गाउँपालिकाबाटै प्रदान गर्ने गरी मासिक तलब भत्ता एकमुष्ट रु १७५०० अक्षेरुपि सत्र हजार पाँच सय मात्र भुक्तानी गर्ने गरि करार सेवामा नियुक्त गर्ने निर्णय अनुमोदन गरियो ।

निर्णय नं २०७५।०७६-०१५।०५

प्रस्ताव नं २०७५।०७६-०१५।०५ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको घिरिङ गाउँपालिका तनहुँको वडा नं ४ मा रहेका घाटमा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम तीन पटक सम्म सार्वजनिक सुचना गर्दा समेत ठेक्का नलागेकोले गाउँपालिकाका योजनाहरु सञ्चालनमा कठिनाइ उत्पन्न भएकोले जिल्ला समन्वय समिति तनहुँमा ठेक्का नलागेको बालुवाटार नदिघाट सञ्चालनका लागि अनुमती माग सहित आवश्यक सिफारिसका लागि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१५।०६

प्रस्ताव नं २०७५।०७६-०१५।०६ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको कार्यपालिका बैठकको निर्णयअनुसार पश्चिम नेपाल खानेपानी योजनाका निम्न कार्यक्रमहरु हाल गाउँपालिकाको सञ्चित कोषबाट सापटि प्रदान गरि बजेट रु ४ लाखमा नबढ्ने गरि २०७५ चैत्र मसान्तभित्र सम्पन्न गरि सम्बन्धित निकायमा सोधभर्ना गर्ने कुनै कारणवश शोधभर्ना हुन नसकेमा गाउँपालिकाबाटै खर्च व्यहोर्ने निर्णय गरियो ।

निम्नः

क) विश्व नारी दिवस र विश्व पानी दिवस मनाउने ।

ख) समुदायमा आधारित पूर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रम ।

ग) गाउँपालिका स्तरिय वडा वास समिति अभिमुखिकरण कार्यक्रम ।

घ) घिरिङ गाउँपालिकाभित्रका आधारभुत तहका विद्यालयहरुमा सावुन पानिले हात धुन सिकाउने तालिम सञ्चालन ।

ङ) पूर्ण सरसफाइ वडा घोषणाका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं २०७५।०७६-०१५।०७

प्रस्ताव नं २०७५।०७६-०१५।०७ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको शसर्त अनुदान तर्फको बाह्य खोपकेन्द्र भवन निर्माण तर्फको बार्षिक बजेट रु ३००००० अक्षेरुपी तीन

लाख मात्र बाट मोचावारी खोप केन्द्र घिरिङ ५ तनहुँमा भवन निर्माण योजनाको लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१५।०८

प्रस्ताव नं २०७५।०७६-०१५।०८ उपर छलफल गर्दा निम्नानुसारका निर्णय गरियो ।

निम्नः

क) सामुदायिक स्वास्थ्य इकाइ फुलामा कार्यरत अहेव श्री विकासमान श्रेष्ठ लाइ २०७५ माघ १ गतेदेखी लागु हुने गरी २०७६ असार मसान्त सम्मका लागि मासिक रु १६५०० तलब भत्ता प्राप्त गर्ने करार सेवामा नियुक्त गर्ने ।

ख) गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि सार्वजनिक खरिद ऐन नियमावली बमोजिम बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

ग) घिरिङ गाउँपालिका ३ तनहुँमा बाखामा PPR रोग फैलिएको कारण PPR भ्यक्सिन लगाउने कार्यक्रममा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता लाइ प्रतिखोपको रु ५ का दरले हुन आउने रकम पारिश्रमिक प्रोत्साहन स्वरुप प्रदान गर्ने ।

घ) गाउँपालिका स्तरिय महिला संजाल गठन भएकोलाइ सो सञ्जाल अनुमोदन गरी उक्त सञ्जालको अध्यक्ष श्री इश्वरी श्रेष्ठको अध्यक्षातामा मिति २०७५ फाल्गुण ६ गतेको बैठकको निर्णय कार्यपालिकाबाट अनुमोदन गरी गाउँसभाबाट महिला लक्षित कार्यक्रम शिर्षकबाट विनियोजित रकमबाट उक्त बैठकबाट निर्णय भए बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ) पश्चिम नेपालका सव इन्जिनियर सुरेन्द्र श्रेष्ठलाइ मासिक इन्धन १५ लिटरमा नवढ्ने गरि प्रदान गर्ने ।

च) घिरिङ गाउँपालिका २ को राम बहादुर दमै नागरिकता प्रमाणपत्र नं १३२ को घर पहिरो गएकोले विपद् व्यवस्थापन खर्च शिर्षकबाट रु १० हजार आर्थिक सहायता प्रदान गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१६।०१ श्रोतव्यक्ती नियुक्ती गर्ने सम्बन्धमा ।
२०७५।०७६-०१६।०२ नेपाल सरकारबाट हस्तान्तरित सवारी साधन मर्मत सम्बन्धमा ।
२०७५।०७६-०१६।०३ चालू आर्थिक बर्षको योजना कार्यान्वयन सम्बन्धमा ।
२०७५।०७६-०१६।०४ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१६।०१

प्रस्ताव नं २०७५।०७६-०१६।०१ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँमा साविकदेखी श्रोतव्यक्ती श्री दामोदर खनाल नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।११।०३ को निर्णय नेपाल सरकार शिक्षा मन्त्रालयको मिति २०७५।११।८ को चलानी नं १७८ को पत्र तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चलानी नं १२३ मिति २०७५।११।०८ को पत्रानुसार हालसम्म कार्यरत श्रोतव्यक्तीहरुको व्यवस्थापन सम्बन्धी पत्रानुसार साथै सोही पत्रको कारवाही स्वरुप शिक्षा समन्वय इकाइको मिति २०७५।११।१० को चलानी नं ९४३ को पत्रानुसार काज फिर्ता भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।११।०३ को निर्णयको अधिनमा रहि निम्नानुसारको निर्णय गर्नेः

निम्नः

१) श्री शंकर मा वि भिमाद १ तनहुँमा श्रोतव्यक्ती दामोदर खनालको सट्टामा कार्यरत श्री बिष्णु श्रेष्ठ लाइ २०७५ फाल्गुण देखी २०७६ बैशाख मसान्तसम्म करार म्यादमा रहने गरी श्री दामोदर खनाललाइ २०७६ असार मसान्तसम्मका लागि घिरिङ गाउँपालिकामा कामकाजमा लगाउने ।

२) श्री विष्णु श्रेष्ठलाइ तलब मासिक रु ३०५०० अक्षेरुपी तीस हजार पाँच सय र महंगी भत्ता मासिक रु २००० अक्षेरुपी दुइ हजार मात्र दिने ।

३) माथि उल्लेखित कार्यका लागि भिमाद नगरपालिका तनहुँमा आवश्यक समन्वय सहयोगका लागि अनुरोध गर्ने ।

निर्णय नं २०७५।०७६-०१६।०२

प्रस्ताव नं २०७५।०७६-०१६।०२ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँ जिल्लामा प्राप्त ४ पाङ्ग्रे सवारी साधन महिन्द्रा स्करपियो नेपाल सरकारबाट प्राप्त सवारी साधन सञ्चालनपुर्व मर्मत गर्नुपर्ने देखीएकोले प्राविधिक लगत अनुमानको आधारमा हालको बजार मुल्यमा रु ६ लाख सम्मको मर्मत आदेश स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१६।०३

प्रस्ताव नं २०७५।०७६-०१६।०३ उपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७५।०७६ का लागि गाउँसभाबाट विनियोजित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा निम्नानुसारका निर्णयहरु गरियोः

निम्नः

क) चालू आर्थिक बर्षको योजनाहरु सम्झौता गरिसक्नुपर्ने अन्तिम म्यादः २०७५ चैत्र ७ गतेसम्म ।

ख) उपभोक्ता समितिले काम सुरु गरिसक्नुपर्ने अन्तिम म्यादः २०७५ चैत्र मसान्तभित्र ।

ग) क र ख बुदाँमा उल्लेखित शर्त पालना नभएका योजनाहरुमा विनियोजित बजेट रकम भुक्तानी नगर्ने ।

निर्णय नं २०७५।०७६-०१६।०४

प्रस्ताव नं २०७५।०७६-०१६।०४ उपर छलफल गर्दा निम्नानुसारका निर्णयहरु गरियोः

निम्नः

क) प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय यातायात पूर्वाधार निर्देशनालय पूर्वाधार विकास कार्यालय कावासोती नवलपरासी (वर्दाघाट सुस्ता पुर्व) गण्डकी प्रदेश नेपालको मिति २०७५।११।१४ चलानी नं १२८ को आवश्यक सहयोग सम्बन्धी पत्र सो को आधारमा जिल्ला समन्वय समितिको कार्यालय तनहुँको मिति २०७५।११।१७ चलानी नं ५०० को पत्रसाथ प्राप्त २०७५ फाल्गुण १५ गतेको जिल्ला स्तरिय अनुगमन तथा समन्वय समितिको बैठकको निर्णय नं २ को अधिनमा रहि नाइल डेभलपर प्रा ली सँग सम्झौता भएको खुम्लिनटार घाटबाट कृष्ण मोटर मार्ग contract id: SNRTP/TAN/W/NCB/29.03/UG/070/071 मा Sub Base निर्माण कार्यमा प्रयोग हुने गरी निर्माण सामाग्री स्वीकृत BOQ मा उल्लेख भएको २३००० घ मी परिमाणमा नवढ्ने गरी टायर जेसिवि प्रयोग गर्न अनुमति प्रदान गर्ने सो कार्यको अध्यक्षज्यूको संयोजकत्वमा नियमित अनुगमन गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१७।०१ सूचना प्रविधि अधिकृतको मासिक तलब सुविधा सम्बन्धमा ।

२०७५।०७६-०१३।०२ संघिय तथा प्रदेश कानूनबारे जानकारी ।

२०७५।०७६-०१३।०३ कार्यालयमा प्राप्त निवेदन, सूचना तथा पत्रहरुबारे जानकारी ।

२०७५।०७६-०१३।०४ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१७।०१

प्रस्ताव नं २०७५।०७६-०१७।०१ उपर छलफल गर्दा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री बिष्णु पोखरेलको मासिक तलब भत्ता बापतको रकम नेपाल सरकारबाट निकासा हुनुपर्नेमा हालसम्म पनि निकासा नभएकोले सम्बन्धित निकायबाट निकासा भएपछी शोधभर्ना गर्ने गरि हाललाइ गाउँपालिकाबाटै मासिक तलब भत्ता अधिकतम रु ३०५०० तीस हजार पाँच सय मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१७।०२

प्रस्ताव नं २०७५।०७६-०१७।०२ उपर छलफल गर्दा गण्डकी प्रदेश नेपाल र संघीय सरकारबाट पारित भएका तपसिल बमोजिमका कानूनहरुबारे जानकारी प्राप्त भयोः

तपसिलः

क स	पारित कानूनको नाम र पारित मिति	पारित गरेको निकाय	कैफियत
१	बर पिपल समि र चौतारो संरक्षण ऐन २०७५ राजपत्रमा प्रकाशित मिति २०७५।१०।२७	गण्डकी प्रदेश	आगामी कार्यपालिका बैठकमा गाउपालिका भित्र रहेका बर पिपर समि चौतारोको लगत पेश गर्ने ।
२	सहकारी ऐन २०७५ राजपत्रमा प्रकाशित मिति २०७५।१०।२७	गण्डकी प्रदेश	
३	बाल गृह सञ्चालन कार्यविधि २०७५	नेपाल सरकार	नमुना कार्यविधि
४	बालबिबाह बिरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५	नेपाल सरकार	नमुना कार्यविधि
५	सडक बालबालिकाको ब्यवस्थापन खर्च कार्यविधि २०७५	नेपाल सरकार	नमुना कार्यविधि

निर्णय नं २०७५।०७६-०१७।०३

प्रस्ताव नं २०७५।०७६-०१७।०३ उपर छुलफल गर्दा घिरिङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त हुन आएका तपसिल बमोजिमका पत्र निवेदन सूचनाहरुको जानकारी प्राप्त भएकोः

तपसिलः

क्र स	पत्र प्रेषण गर्ने निकाय, पदाधिकारीको नाम थर ठेगाना	पत्रको संक्षिप्त व्यहोरा	कार्यपालिकाको निर्णय
१	गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय चलानी नं १०९० मिति २०७५।११।२३ पत्र संख्याः २०७५।०७६	बायोग्यास र सुधारिएको चूलो जडान कार्यक्रमका लागि रकम सहित प्रस्ताव माग पेश गर्ने सम्बन्धमा ।	२०७५।१२।०८ गतेभित्र माग गाउँपालिकामा पेश गर्ने ।
२	नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) चलानी नं ८७ मिति २०७५।११।२२ पत्र संख्या २०७५।०७६	प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार संयोजकलाइ काममा लगाउने बारे ।	नियमित काममा लागाउने ।
३	गण्डकी प्रदेश सरकार शहरी विकास तथा भवन कार्यालय गोरखा पत्र संख्या २०७५।०७६ चलानि नं १५६ मिति २०७५।११।०२	वडा नं १ र वडा नं ४ मा स्वास्थ्य चौकी निर्माणका लागि सहयोग र समन्वय गरिदिने बारेमा ।	२०७५।१२।०८ गतेभित्र वडाको सिफारिस गाउँपालिकामा पेश गर्ने ।
४	गण्डकी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको पत्र संख्या ०७५।०७६ चलानी नं ७१४ मिति २०७५।११।१५	प्रहरी चौकी निर्माणका लागि बजेट सुनिश्चितता सहित प्रस्ताव पेश गर्ने ।	रु २७५०००० बजेट विनियोजन गर्ने सो को अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने गरि प्रदेश सरकारमा सम्झौताका लागि जाने ।
५	गण्डकी प्रदेश सरकार जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय पत्र संख्या २०७५।०७६ चलानी न ३२१ मिति २०७५।११।१७	घिरिङ गाँउपालिका वडा नं १ को पुट्टार क्षेत्रमा बस्ति विकास कार्यक्रम बारेमा ।	एकिकृत बस्ति विकासका लागि DPR तयार गर्ने क्रममा रहेको ।
६	नेपाल सरकार शिक्षा विकास तथा समन्वय इकाइ तनहुँ दमौली चलानि नं ६३८ पत्र संख्या २०७४।०७५ मिति २०७५।०८।२४	विद्यालयको रकम निकासा सम्बन्धमा ।	सम्झौताको फाइल सहितको कागजात माग गरि गाउँपालिकाको निर्णयअनुसार पारित कानून बमोजिमका कागजातहरु माग गरि खर्च लेख

			कार्यालयलाइ निर्देशन गर्ने ।

निर्णय नं २०७५।०७६-०१७।०४

प्रस्ताव नं २०७५।०७६-०१७।०४ उपर छलफल गर्दा निम्न बमोजिमका प्रस्तावहरु उपर छलफल गरियोः

निम्नः

(क) घिरिङ गाउँपालिका कार्यपालिका सदस्य श्री बसन्तबहादुर दरैको आमाको मृत्यु भएको जानकारी प्राप्त भएकोमा शोक प्रस्ताव पारित गरी शोकस्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्ने ।

(ख) सार्वजनिक निर्माणका क्रममा हुने र हुन सक्ने क्षतिको क्षतिपुर्ति सम्बन्धित कार्य गर्ने उपभोक्ता समिति वा सम्बन्धित ठेकदार बाटै व्यहोर्नु पर्ने निर्णय गरियो ।

(ग) कार्यापालिकाको निर्णय नं २०७५।०७६-०१६।०३ (क) को निर्णयमा चालू आर्थिक बर्षको योजनाहरु सम्झौता गरिसक्नु पर्ने अन्तिम म्याद २०७५ चैत्र मसान्तसम्म कायम गर्ने र योजनाको काम सम्पन्न गरिसक्नु पर्ने अन्तिम म्याद २०७६ जेष्ठ मसान्तसम्म ।२०७६ असार १५ गतेभित्र योजना फरफारक गरि भुक्तानी लिइसक्नुपर्ने तोकीएको मितिभित्र कार्य नगर्ने योजनाको रकम भुक्तानी नगर्ने नगराउने निर्णय गरियो ।

(घ) निर्णय नं गाउँसभा २०७५।०७६-००३।०७ को (ख) मा २०७५ साउन १ गतेदेखी लागुहुने गरि निर्णय गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०१८।०१ गरिव परिवारहरुमा जस्तापाता वितरण सम्बन्धमा ।

२०७५।०७६-०१८।०२ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१८।०१

प्रस्ताव नं २०७५।०७६-०१८।०१ उपर छलफल गर्दा नेपाल सरकारको नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको च न ५० मितिः २०७५।१२।१५ को पत्रानुसार सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार अनुदान वितरण गर्ने प्रयोजनका लागि प्रति वडा १० घरधुरीका दरले ५० घरधुरी गाउँपालकाको सिफारिसमा वितरणका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरीयो ।

निर्णय नं २०७५।०७६-०१८।०२

प्रस्ताव नं २०७५।०७६-०१८।०१ उपर छलफल गर्दा नेपाल सरकारको नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको च न ५० मितिः २०७५।१२।१५ को पत्रानुसार सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार अनुदान वितरण गर्ने प्रयोजनका लागि गाउँपालिकाको बार्षिक बजेट गरिव परिवारहरुमा जस्तापाता वितरण कार्यक्रम समेतलाइ एकिकृत गरी गाउँपालिकाभित्रका प्रत्येक वडाहरुबाट कम्तिमा सोहि कार्यविधि बमोजिम अनुदान पाउने गरी (गाउँपालिकाको बजेटमा कन्टिन्जेन्सी बापतको रकम कट्टा गरी सो कन्टिन्जेन्सी बापतको रकम फोकल पर्सन तथा सो कार्यमा खटिने प्राविधिकलाइ प्रोत्साहन गर्ने गरि) प्रति वडा ३ घरधुरीका दरले १५ घरधुरी र १ घरधुरी गाउँपालिका अध्यक्ष उपाध्यक्षको सिफारिसमा साथै सो कार्यका लागि गाउँपालकाको तर्फबाट फोकल पर्सन कार्यालयका इन्जिनियर श्री सुमित आलेमगरलाइ तोक्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१८।०२

प्रस्ताव नं २०७५।०७६-०१८।०२ उपर छलफल गर्दा रुपा गाउँपालिकाको कार्यालयद्धारा युवाहरुलाइ खेलकुदतर्फ आकर्षित गरौ स्वस्थ्य र समुन्नत समाजको निर्माण गरौ भन्ने मूल नाराका साथ स्थानीय तह स्थापना दिवसको उपलक्ष्यमा अध्यक्ष कप खुल्ला पुरुष भलिवल प्रतियोगितामा मिति २०७५।११।२४ देखी २७ गतेसम्म घिरिङ गाउँपालिकाबाट सहभागिताको लागि खेलाडीहरुको लागि आतेजाते खर्च साथै आवश्यक व्यवस्थापकिय खर्चका लागि गाउँपालिकास्तरिय भलिबल कार्यक्रम शिर्षकबाट भुक्तानी हुने गरी अधिकत रु ५४०००। अक्षेरुपी चउन्न हजार मात्र खर्च लेख्ने निर्णय गरियो ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-१९।०१ घरभाडा लिनेदिने सम्बन्धमा ।
२०७५।०७६-१९।०२ योजना सम्झौताको म्याद थप सम्बन्धमा ।
२०७५।०७६-१९।०३ आ व २०७४।०७५ गाँउपालिकाको विनियोजित बजेट बाट (पशु सेवा शाखातर्फ बाट कार्यान्वयन हुने कार्यक्रमहरुको) अनुदान वितरण सम्बन्धमा ।
२०७५।०७६-०१९।०४ कर्मचारीहरुको स्वागत तथा विदाइ सम्बन्धमा ।
२०७५।०७६-०१९।०५ युवा स्वरोजगार कार्यक्रममा बजेट थप गर्नुपर्ने सम्बन्धमा ।
२०७५।०७६-०१९।०६ Rafting Festival मा बजेट विनियोजन सम्बन्धमा ।
२०७५।०७६-०१९।०७ सवारी साधन मर्मत सम्बन्धमा ।
२०७५।०७६-०१९।०८ महालेखा परीक्षण कार्यालयको प्रतिवेदन सम्बन्धमा ।
२०७५।०७६-०१९।०९ संघिय तथा प्रदेश कानूनबारे जानकारी ।
२०७५।०७६-०१९।१० कार्यालयमा प्राप्त निवेदन, सूचना तथा पत्रहरुबारे जानकारी ।
२०७५।०७६-०१९।११ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०१९।०१

प्रस्ताव नं २०७५।०७६-०१९।०१ उपर छलफल गर्दा २०७६ बैशाख १ गतेदेखी लागुहुनेगरी एक बर्षका लागि घिरिङ गाउँपालिका वडा नं ३ मा रहेको श्री गंगा प्रसाद थापा र श्री नैनसिंह थापाको जग्गामा रहेको २ तले पक्की घरको माथिल्लो तलामा रहेको ४ कोठा मासिक करसहित रु १५ हजारमा भाडामा लिनेदिने निर्णय गरीयो ।

निर्णय नं २०७५।०७६-०१९।०२

प्रस्ताव नं २०७५।०७६-०१९।०२ उपर छलफल गर्दा योजना सम्झौता गर्ने म्याद २०७६ बैशाख मसान्तसम्म अन्तिमपटका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१९।०३

प्रस्ताव नं २०७५।०७६-०१९।०३ उपर छलफल गर्दा अनुदान प्राप्त गर्न निर्धारित मापदण्ड अनुरुप पशुपालन गरेका तथा खोर सुधार गरेका कृषकहरुलाइ गाउँपालिकास्तरिय अनुगमन समितिको प्रतिवेदन, पशु सेवा शाखाको सिफारिसपत्र, वडा कार्यालयहरुको सिफारिसपत्र तथा योजना तथा कार्यक्रम फरफारक समितिको बैठकबाट निर्णयका आधारमा मात्र खर्च लेख्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१९।०४

प्रस्ताव नं २०७५।०७६-०१९।०४ उपर छलफल गर्दा गाउँपालिकामा समायोजन भइ आएका कर्मचारीहरु श्री ध्रुवराज लामिछाने अधिकृतस्तर छैंटौ, श्री जितवहादुर राना लेखापाल सहायकस्तर पाँचौं, श्री देवन भुजेल कम्प्यूटर अपरेटर सहायकस्तर पाँचौं लाइ गाउँपालिकामा स्वागत गर्ने र गाँउपालिकाबाट सरुवा भइजानुभएका श्री पशुपति आचार्य नायव सुव्वा, श्री अनिल त्रिपाठी

सहायक लेखापाल तथा पश्चिम नेपाल आयोजनातर्फका कर्मचारीहरुलाइ उहाहरुको योगदानको कदर गरी विदाइ गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१९।०५

प्रस्ताव नं २०७५।०७६-०१९।०५ उपर छलफल गर्दा युवा स्वरोजगार कार्यक्रम अन्तर्गत (३ महिने निर्माण विद्दुतिय तालिम र लोकसेवा आयोग तयारी कक्षा सञ्चालन) तर्फ अपुग हुन गएको बजेट रु २,४२,९५०। दुइ लाख बयालिस हजार नौसय पचास मात्र गाउँपालिकाको चालुतर्फ बिनियोजित बजेटबाट थप गर्ने सोको अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१९।०६

प्रस्ताव नं २०७५।०७६-०१९।०६ उपर छलफल गर्दा रामपुर नगरपालिका पाल्पाको आयोजनामा कालिगण्डकी नदीमा मिति २०७६ बैशाख ६-७ गते सञ्चालन गरिएको Rafting Festival मा सह आयोजक घिरिङ गाउँपालिका तनहुँ, चापकोट नगरपालिका स्याङ्गजा र रम्वा गाउँपालिका पाल्पा रहेकोमा सो कार्यक्रममा लागि आयोजक तथा सह आयोजक स्थानिय तहका विच लाग्ने लागत साझेदारीका लागि रु १ लाख (अक्षेरुपी एक लाख) रामपुर नगरपालिका पाल्पालाइ तथा समापनका दिन अतिथि सत्कार तर्फ खर्च रु ३० हजार तथा यातायात भाडातर्फ खर्च रु ११ हजारमा नवढ्ने गरी (चालुतर्फको बजेटबाट रकामान्तर हुने गरी) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१९।०७

प्रस्ताव नं २०७५।०७६-०१९।०७ उपर छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७५।०७६-०१६।०२ को निर्णयमा संशोधन गरी रु ७ लाख ५० हजार को मर्मत आदेश स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०१९।०८

प्रस्ताव नं २०७५।०७६-०१९।०८ उपर छलफल गर्दा आगामी कार्यसूचि स्थगन गरी आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२०।०१ शिक्षा सम्बन्धी अधिकार सम्बन्धमा ।
२०७५।०७६-०२०।०२ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२०।०१

प्रस्ताव नं २०७५।०७६-०२०।०१ उपर छलफल गर्दा नेपालको संविधानको अनुसूची ८ मा रहको आधारभुत र माध्यमिक शिक्षा निर्णय गरीयो ।

निर्णय नं २०७५।०७६-०२०।०

प्रस्ताव नं २०७५।०७६-०२०।० उपर छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७५।०७६-०१९।०१ मा संशोधन गरी २०७६ बैशाख १ गतेदेखी लागुहुनेगरी एक बर्षका लागि घिरिङ गाउँपालिका वडा नं ३ मा रहेको श्री गंगा प्रसाद थापा र श्री नैनसिंह थापाको जग्गामा रहेको २ तले पक्की घरको माथिल्लो तलामा रहेको ४ कोठा मासिक (करबाहेक) रु १५ हजारमा भाडामा लिनेदिने निर्णय गरीयो ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२१।०१ चालू आर्थिक वर्षको बजेट कार्यान्वयन समिक्षा ।

२०७५।०७६-०२१।०२ राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणाको छुट तथा पुनः जाँच सर्वेक्षण कार्य सम्बन्धमा ।

२०७५।०७६-०२१।०३ करार म्याद थप तथा पोशाक भत्ता सम्बन्धमा ।

२०७५।०७६-०२१।०४ अपाङ्ग लक्षित वजेट कार्यान्वयन सम्बन्धमा (रू ६३००) ।

२०७५।०७६-०२१।०५ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा घ्याछाप पुट्टार मोटर मार्ग ग्राभेल तथा नालि निर्माण ।

२०७५।०७६-०२१।०६ गाउँपालिकामा प्राप्त पत्र निवेदनको सम्बन्धमा ।

- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण सम्बन्धमा ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश च.नं. ८१४, मिति २०७५।१२।२१ आवश्यक समन्वय सम्बन्धमा, सोही सम्बन्धमा शहरी विकास तथा भवन कार्यालय को २०७६।०१।२५ च.नं. २१८ प्रहरी चौकी निर्माण सम्वन्धम ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६।०१।२९ च.नं. ९३ आ.व. २०७६/०७७ को लागि योजना तथा सुझाव भाग सम्वन्धमा ।
- आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश २०७६।०१।२६ च.नं. ८५६ आयोजना छनौट सम्वन्धमा ।
- स्थानीय बिपद् व्यवस्थापन समिति गठन भए नभएको सम्वन्धमा अन्तरिक मामिला तथा कानुन मन्त्रालय गणडकी प्रदेशको मिति २०७५।१२।२१ च.नं. ८१६ को पत्र।

२०७५।०७६-०२१।०७ सामाजिक सुरक्षा तेश्रो चौमासिक वितरण सम्वन्धमा ।

२०७५।०७६-०२१।०८ पञ्जिकरण अभिलेख विद्युतिकरण गर्ने समवन्धमा ।

२०७५।०७६-०२१।०९ आर्थिक वर्ष २०७६।०७७ को वजेट तर्जुमा सम्बन्धमा ।

२०७५।०७६-०२१।१० वडा नं. १ को वडा कार्यालय निर्माण सम्बन्धमा ।

२०७५।०७६-०२१।११ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२१।०१

प्रस्ताव नं २०७५।०७६-०२१।०१ उपर छलफल गर्दा निम्नानुसार विषयहरू उठान गरियोः

क) कर्मचारी अभावका कारणा सिफारसमा ढिलाई भएको।

ख) प्राविधिक फिल्डमा नपुग्दा समयसिमा भित्र योजना समझौता हुन नसकेको ।

ग) टुक्रे योजना निर्माण हुँदा सवै योजना अधुरा हुन पुगेका उपभोक्ता समितिलाई प्राविधिक लगत अनुमान वुझ्न कठिनाइ भएको ।

घ) प्राविधिक अनुगमन योजना कार्यान्वयनको चरणमा गरिनुपर्ने देखियो ।

ङ) योजना छनौटमा सिमित व्यक्तिहरूको विषयले प्रधानता पाँउदा वडागत समितिको प्रभाव न्यून देखिएको ।

च) उपभोक्ता समिति संग काम सञ्चालन गर्न आवश्यक न्यूनतम पुँजी अभाव रहदा कच्चा पदार्थ खरिदमा ढिलाइ हुने गरेका ।

छ) गाउँपालिका भित्र समान वजेटका योजनाको लगत अनुमान फरक फरक भएकाले कार्यान्वयनमा समस्या देखिएका (जस्तै सार्वजनिक भवन निर्माण अनुमान ।)

ज) वडा सचिव नहुँदा दैनिक प्रशासन सञ्चालन कठिनाइ भएको ।

झ) फिल्डमा काम सकिएको लामो समयसम्म पनि उपभोक्ता समिति योजना फरफारका लागी सम्वन्धित निकायमा सम्पर्क नगर्ने प्रवृत्ति रहेकोले योजनाको वित्तिय प्रगती न्यून देखिएको ।

ञ) योजना भुक्तानी लिने क्रममा उपभोक्ता समिति र कार्यालय विच सुमधुर सम्बन्ध स्थापित हुन नसकेको ।

ट) उपभोक्ता समिति तर्फको लागत सहभागिता अन्यन्नै न्यून रहेको पाइयो ।

ठ) वडा नं. १ र वडा नं. २ मा प्राविधिक कर्मचारीले पर्यप्त ध्यान नदिदा योजना कार्यान्वयनमा ढिलो भएको ।

माथि उल्लेखित विषयउपर छलफल गर्दा

- प्राविधिक कर्मचारी (सव-इन्जिनियर सिभिल तर्फ) तत्काल नियुक्त गर्ने ।
- थप जिम्मेवारी वहन गर्ने कर्मचारीहरू लाई प्रोत्साहन रकम उपलब्ध गराई कार्यालय समय भन्दा अगाडी वा पछाडी तथा सार्वजनिक विदाका दिनमा समेत काम गर्नुपर्ने अवस्थामा कर्मचारी उत्प्रेरणाक प्रावधानहरू लागु गर्ने ।
- योजना सम्झौता गर्ने मिति २०७६।२।१५ भित्र कार्य सम्पन्न गरिसक्नु पर्ने मिति २०७६।०३।१० भित्र गाउँपालिकामा कागजात पेश गरिसक्नु पर्ने मिति २०७६।०३।१५ गते भित्र ।

निर्णय नं २०७५।०७६-०२१।०२

प्रस्ताव नं २०७५।०७६-०२१।०२ उपर छलफल गर्दा राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणको छुट तथा पुन जाँच सर्वेक्षण कार्यमा वडा कार्यालयहरूले गाउँपालिकावाट खटिइ जाने इन्जिनियरलाई सहयोग गर्ने ।

निर्णय नं २०७५।०७६-०२१।०३

प्रस्ताव नं २०७५।०७६-०२१।०३ उपर छलफल गर्दा साविकदेखी सामाजिक परिचालकको रूपमा कार्यरत शान्ता खनाल र मेनुका थापा लाई २०७६ जेष्ठ १ गतेदेखी साविकमा पाए सरहको सुविधा पाउने गरी २०७६ असार मसान्त सम्मका लागी थप गर्ने तथा गाउँपालिकमा कम्तिमा एक वर्षसम्म निरन्तर करार सेवामा कार्यरत रहेका कर्मचारीहरूलाई निजामती कर्मचारीले पाए सरहको पोशाक भत्ता वापतको रकम उपलब्ध गराउने ।

निर्णय नं २०७५।०७६-०२१।०४

प्रस्ताव नं २०७५।०७६-०२१।०३ उपर छलफल गर्दा कम्वोड चियर खरिद गर्ने कार्यक्रम स्विकृत गर्ने ।

निर्णय नं २०७५।०७६-०२१।०५

प्रस्ताव नं २०७५।०७६-०२१।०५ उपर छलफल गर्दा घ्याछाप पुट्टार मोटर मार्गमा गाउँपालिकाको तर्फबाट विनियोजित रकम रू ८,००,०००।- (अक्षेरूपी अठ लाख) हालसम्म पनी उपभोक्ता समितिले फरफारक नगरेका कारण रू ६०,००,०००।- (अक्षेरूपी साठी लाख) योजना कार्यान्वयन हुन नसकेकोले अघिल्लो समितिलाई तत्काल योजना फरफारक गराई ६०,००,०००।- (अक्षेरूपी साठी लाख) योजना उपभोक्ता समिति मार्फत काम सम्पन्न गराउने ।

निर्णय नं २०७५।०७६-०२१।०६

प्रस्ताव नं २०७५।०७६-०२१।०६ उपर छलफल गर्दा प्राप्त पत्रको आवश्यक निर्णयका लागी छलफल गरी जवाफ प्रेषण गर्न गाउँपालिका अध्यक्ष ज्यूलाई जिम्मा दिने ।

निर्णय नं २०७५।०७६-०२१।०७

प्रस्ताव नं २०७५।०७६-०२१।०७ उपर छलफल गर्दा सबै वडा कार्यालयहरूवाट सामाजिक सुरक्षा भत्ता पाउने (तेश्रो चौमासिक) लाभाग्राहीहरू नयाँ थप र लगत कट्टाको विवरण २०७६ जेष्ठ १० भित्र गाउँपालिकामा पेश गर्ने र सो को आधारमा सामाजिक सुरूक्षा भत्ता वितरण गर्ने ।

निर्णय नं २०७५।०७६-०२१।०८

प्रस्ताव नं २०७५।०७६-०२१।०८ उपर छलफल गर्दा घिरिङ गाउँपालिकामा रहेको सम्पूर्णा पञ्जिकरण अभिलेख विद्यतिकरण कार्यमा Data Entry, Data Verification गर्ने प्रयोजनका लागी प्रति तथ्याङ्क रू ३ अक्षेरूपी तीन मात्र का दरले सेवा सुविधा प्राप्त गर्ने गरी गाउँपालिकाका मौजुदा कर्मचारीलाई काममा लगाई गाउँपालिकाको पञ्जिकरणा अभिलेखलाई विद्युतिकरण गराउने ।

निर्णय नं २०७५।०७६-०२१।०९

प्रस्ताव नं २०७५।०७६-०२१।०९ उपर छलफल गर्दा आ.व. २०७६।०७७ सालको वार्षिक वजेटका तयारी चरणामा लाग्ने । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ७१ वमोजिम)

निर्णय नं २०७५।०७६-०२१।१०

प्रस्ताव नं २०७५।०७६-०२१।१० उपर छलफल गर्दा गाउँसभामा प्रस्ताव पेश गर्ने ।

निर्णय नं २०७५।०७६-०२१।१०

प्रस्ताव नं २०७५।०७६-०२१।१० उपर छलफल गर्दा विविध प्रस्तावउपर छलफल गर्दा निम्नानुसार निर्णय गरियो ।

क) मिलन कुमार गैरे (प्रस्तावित घिरिङ गाउँपालिका स्तरीय दलित उत्चान समन्वय समिति) वाट प्राप्त प्रस्ताव पारित गर्ने ।

ख) देहायाका व्यक्तहरूलाई आर्थिक सहायता प्रदान गर्ने ।

क्र.सं.	नामथर	ठेगाना	सहायता रकम रू	कैफियत
१	सिर्जना वि.क.	घिरिङ ४, उम्से	१०,०००।-	हावाहुरीले छाना उडाएको
२	धन बहादुर थापा	घिरिङ २, मारकोट	१०,०००।-	हावाहुरीले छाना उडाएको
३	केश वहादुर शाही	घिरिङ १, रिमीडाँडा	१०,०००।-	हावाहुरीले छाना उडाएको
४	चन्द्रज्योति मा.वि.	घिरिङ ३, सुन्धारा	२०,०००।-	हावाहुरीले छाना उडाएको
५	कोष बहादुर दमाई	घिरिङ २, छानुङ	१०,०००।-	हावाहुरीले छाना उडाएको
६	भक्त वीर थापा	घिरिङ ३, उवाथोक	१०,०००।-	हावाहुरीले छाना उडाएको
७	विष्णु परियार	घिरिङ २, भोरकोट	१०,०००।-	हावाहुरीले छाना उडाएको
८	सूर्य वहादुर थापा	घिरिङ ४, फुला	१०,०००।-	चट्याङको कारणले घाइते
९	रूद्रवीर थापा	घिरिङ २	१०,०००।-	सुगर रोगको उपचार गर्ने आर्थिक समस्या परेकोले
१०	श्री कालिकादेवी प्रा.वि	घिरिङ ३, हर्सिनडाँडा	२०,०००।-	छाना उडाएको

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२२।०१ आर्थिक बर्ष २०७६।०७७ को बजेट तर्जुमा सम्बन्धमा ।
२०७५।०७६-०२२।०२ शिक्षाको अधिकार सम्बन्धमा ।
२०७५।०७६-०२२।०३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२२।०१

प्रस्ताव नं २०७५।०७६-०२२।०१ उपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमाका लागि तपसिल बमोजिमका निर्णयहरु गर्नेः

१) राजश्व परामर्श समितिको प्रतिवेदन पेश गर्ने २०७६ जेष्ठ

२) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक र सीमा निर्धारण २०७६

३) बिषयगत समिति बैठक तथा अन्य सरोकारवालाहरुसँग छलफल २०७६ असार

४) बार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण २०७६ असार

४) वडास्तरमा योजना छनौट २०७६ जेष्ठ २७ गतेभित्र ।

५) प्राथमिकिकरण भएका वडाका योजना तथा कार्यक्रमहरु विषयगत समितिका प्रतिवेदन योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

६) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र छलफल बजेट अन्तिम तयारी मिति २०७६

७) अन्तिम बजेट तयारीका लागि कार्यपालिका बैठकमा पेश गर्ने २०७६ असार गते

८) गाउँसभामा बजेट पेश गर्ने २०७६ असार गते ।

९) मिति २०७६ जेष्ठ २७ गतेभित्र पाँचवटै वडा समितिहरुलाइ आ आफ्नो वडा भित्रका न्यूनतम रु १ लाख देखी अधिकतम रु ५ लाख भित्रको बजेटमा सम्पन्न हुन सक्ने खालका योजनाहरु बढीमा रु ५० लाखको सीमामा रहेर वडास्तरीय योजनाहरु पेश गर्ने।

१०) गाउँपालिकाभित्रका सम्पुर्ण योजनाहरुको योजना बैंक तयार गर्ने प्रयोजनका लागि वडास्तरबाट योजना तथा कार्यक्रमहरु तर्जुमा गरी (कम्प्यूटर टाइप गरी) गाउँपालिकामा पेश गर्ने ।

आर्थिक बर्ष २०७६।०७७ को बजेट तर्जुमा तथा गाउँसभा सम्पन्न लगायतका कार्यहरुका लागि गाउँपालिकाका पाँच वटै वडा कार्यालयहरुलाइ देहायबमोजिमको कार्यमा खर्च गर्ने गरी प्रति वडा कार्यालय रु ३० हजार अक्षेरुपी तीस हजार मात्र प्रदान गर्नेः

देहायः

क) वडाका बस्ति तथा टोलस्तरका योजना छनौट तथा वडा समितिको बैठकमा खाजा तथा स्टेशनरी खर्च तथा विशिष्ट अतिथि सत्कार खर्च ।

ख) वडाबाट पारित योजना तथा कार्यक्रमहरु कम्प्यूटर टाइप तथा प्रतिवेदन तयारी ।

गाउँसभा सञ्चालन खर्च शिर्षकमा विनियोजन भएको बजेटबाट निम्न कार्यहरुमा खर्च गर्नेः

क) योजना बैंक तयार गर्ने क्रममा कम्प्यूटर टाइप गर्ने ।
ख) विभिन्न विषयगत समितिहरुको बैठक भत्ता प्रति बैठक सवै सदस्यहरुलाइ रु १००० अक्षेरुपी एक हजार मात्र प्रदान गर्ने ।
ग) बिभिन्न विषयगत समितिहरुको बैठकमा रहदाको दिन विहान बेलुकाको खाना खाजाको व्यवस्था गर्ने ।
घ) गाउँसभामा सञ्चालनमा लाग्ने स्टेशनरी छपाइ तथा मसलन्द खर्च ।

निर्णय नं २०७५।०७६-०२२।०२

प्रस्ताव नं २०७५।०७६-०२२।०२ उपर छलफल गर्दा शिक्षक व्यवस्थापन समबन्धमा तपसिल बमोजिमका निर्णयहरु गर्ने ।

क) यस गाउँपालिका भित्रका सामुदायीक विद्यालयमा कार्यरत अस्थायी, करार शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा दोहोरो सहमतीका आधारमा सरूवा गर्ने ।
ख) स्थायी शिक्षककोहकमा पालीका भित्र अथवा जिल्ला भित्र र वाहीर जहाँ जाने भएपनि दोहोरो सहमती भएमा मात्र शिक्षा विकास तथा समन्वयएकाईमा सहमती दिने ।
ग) गाउँपालिका भित्रका प्रा.वि/आधारभूत तथा मा.वि. शिक्षक पद रिक्त भएमा सो ठाउँमा पदपूर्तिका लागि अनुमती प्रदान गर्ने ।
घ) करार शिक्षक छनौटका लागी शिक्षा विकास समन्वय इकाई तनहुँ वाट विषय विज्ञमा सूचिकृत विशेषज्ञ बाट माग परीक्षा सञ्चालन गरी शिक्षक छनौट व्यवस्था भई आएकोमा स्थानीय तह भित्रका तपसीलमा उल्लेखीत योग्यता पुगेका स्थायी शिक्षकहरूलाई विषय विज्ञमा सुचीकृत गरी निजहरूवाट शिक्षक छनौट प्रक्रिया अगाडी बढाउन कार्ययोजना पास गर्ने

शिक्षा विभागको मिति २०७०/०२/१० मा भएको विभाग स्तरीय निर्णय र २०७०/२/१३ को ७५ वटै जिल्ला शिक्षा कार्यालयलाई विषय विज्ञ छनौट सम्बधी च.नं. ३२४ को पत्राचारका आधारमा विषय विज्ञहरू न्यूनतम योग्यता देहाय बमोजिम कायम गरी बिषय बिज्ञ छनौट गर्ने।

क) सम्बन्धीत तहमा कम्तिमा १० वर्षको अस्थायी/स्थायी शिक्षण अनुभव (सेवा अवधी स्थायी/अस्थायी १० वर्ष हुनुपर्ने) ।
ख) आधारभूत तह (१-५, १-८) का लागि न्यूनतम योग्यता Bed हुनुपर्ने
ग) मा.वि. (९-१२) को हकमा सम्बन्धीत विषयमा शिक्षाशास्त्रमा स्नातकोत्तर हुनुपर्ने ।
घ) नि.मा र मा.विमा विषय किटान हुनुपर्ने । प्रा.विमा विषय उल्लेख गर्नु नपर्ने ।
ङ) पदाअवधि सूची प्रकाशन मितिले २ वर्षको हुने ।
च) परीक्षा सञ्चालन हुने दिनमा मात्र विशेषशलाई जानकारी गरी वोलाउने ।
छ) नाता गोताको प्रभाव वा विषय विज्ञ र परीक्षार्थीको विच नजीकको सम्बन्ध हुन नहुने ।
ज) विषय विज्ञको लागी आवेदन अवधी १५ दिन हुनुपर्ने ।
झ) स्थायी शिक्षकहरू वाट मात्र विषय विज्ञको सुचीकृत गर्ने ।

बिषय विज्ञकोलागि प्रकाशित सूचना अनुसार प्राप्त निवेदन निम्नानुसार रहेकोमा बैठकको निर्णय मितिभित्र निर्धारित योग्यता पुगेका शिक्षकहरुलाइ विज्ञको रुपमा नियुक्त गर्ने निर्णय गरियो ।

निम्नः

क्र.सं.		विद्यालय	तह	श्रेणी	अस्थायी नियुक्ती मिति	स्थायी नियूक्ती मिति	वियय	शैक्षिक योग्यता	फोन नं.
१	तोयानाथ सुवेदी	चन्द्रज्योति मा.वि	नि.मा.	तृ	मा.वि २०६७	नि.मा २०७२	गणीत	एम.एड	९८४६३४२९६७
२	प्रेम वहादुर थापा	चन्द्रज्योति मा.वि	मा.वि	तृ	मा.वि २०६६/४/२६	२०७१/८/७	विज्ञान गणित	एम.एड	९८५६०३९३४७
३	जनक सिग्देल	चन्द्रज्योति मा.वि	मा.वि	तृ	२०७२/९/९ मा.वि	२०७४/१२/२४	अंग्रेजि	वि.एड	९८४९४८९७४६
४	झम वहादुर थापा	चन्द्रज्योति मा.वि	नि.मा.वि	तृ		२०७२/११/५	अंग्रेजी	वि.एड	९८१६४५४२२७
५	दामोदर खनाल	शंकर मा.वि	मा	द्धि	२०५२/१२/२८	२०६०/८/१०	सामाजीक	एम.एवि.एड	९८५६०००५५४
६	माधव प्रसाद पोखेल	जलवराही प्रा.वि	प्रा.	द्धि		२०६३/९/२०		वि.एड	९८४५७०७३४१
७	ध्रुवराज सिग्देल	कृष्ण मा.वि	मा	तृ		२०६०/८/१४	नेपाली	एम.एड	९८५६०८३५३५
८	शिवभक्त सिग्देल	कृष्ण मा.वि	नि.मा	द्धि		२०६०/८/२६	सामाजीक	एम.एड	९८६१८३३३८१
९	रेशम लाला श्रेष्ठ	कामधेनु मा.वि	नि.मा	तृ		२०७१/५/१०	अंग्रेजी	वि.एड	९८१९१३५००६
१०	निर्मला गिरी	सरस्वती मा.वि	नि.मा	तृ		२०७१/५/१६	गणीत	वि.एड	९८४७०७४९५३
११	तिलकुमारी थापा	सरस्वती मा.वि	नि.मा	तृ		२०७१/४/१६	नेपाली	वि.एड	९८४६१६९५५३
१२	लक्ष्मीप्रसाद अधिकारी	दीपक मा.वि	नि.मा	तृ		२०६३/८/	सामाजीक	एम.एड	९८५६०६०४१३
१३	तारानाथ प्रोखेल	दीपक मा.वि	प्रा.वि	द्धि		२०४८/६/२१	नेपाली	एम.एड	९८४६११४१९७
१४	विजयकुमार मणडल	दीपक मा.वि	प्रा	तृ		२०७१/५/१०		वि.एड	९८१४८४५०२०
१५	तेज नारायण शाह	महेन्द्रज्योति मा.वि	नि.मा	तृ		२०७१/४/१६	विज्ञान	वि.एड	९८४४०५५१६३
१६	पदमराज सिग्देल	सरस्वती मा.वि	मा	तृ		२०७१/४/१६	सामाजिक	एम.एड	

निर्णय नं २०७५।०७६-०२२।०३

प्रस्ताव नं २०७५।०७६-०२२।०३ विविध प्रस्ताव उपर छलफल गर्दा देहाय बमोजिमको निर्णयहरु गरियो ।

देहायः

क) घ्याछाप पुट्टार मोटरमार्ग ग्राभेल तथा नाला निर्माणको योजना कार्यान्वयनका लागि देहाय बमोजिमको दररेट स्विकृत गर्ने सो को विस्तृत विवरण यसैसाथ संगल्न रहेको छ ।

ख) गाउँपालिकाको वडा नं ५ मा एभोगार्डो खेतिका लागि प्राप्त प्रस्ताव पारित गरी सो को लागि आवश्यक बजेट रु १ लाख मात्र गाउँसभाबाट कृषि सेवा तर्फ बिनियोजन भएको रकमध्येबाट रकामान्तर गर्ने निर्णय गरियो ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२३।०१ खरिद गुरुयोजना निर्माण सम्बन्धमा ।
२०७५।०७६-०२३।०२ प्रधानमन्त्रि रोजगार कार्यक्रमको कार्यान्वयन सम्बन्धमा ।
२०७५।०७६-०२३।०३ गिट्टि बालुवा लागायतका नदिजन्य पदार्थ सम्बन्धमा ।
२०७५।०७६-०२३।०४ कृषि तर्फको योजना कार्यान्वयन सम्बन्धमा ।
२०७५।०७६-०२३।०५ वडा नं १ र वडा नं ४ को स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धी।
२०७५।०७६-०२३।०६ विविध राहत तथा उद्धार सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२३।०१

प्रस्ताव नं २०७५।०७६-०२३।०१ उपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ देखी सुरु भइ आर्थिक बर्ष २०७७।०७८ र आर्थिक बर्ष २०७८।०७९ भित्र सम्पन्न हुने तपसिल बमोजिमका योजनाहरुको खरिद गुरुयोजना पारित गर्ने ।

तपसिलः

क) गाउँपालिकाको प्रशासकिय भवन निर्माण पोखरीछाप ।
ख) गाउँपालिकाको वडा कार्यालयहरुको भवन निर्माण (वडा नं २ र वडा नं ४) ।
ग) बहुउद्देश्यिय सभाहल निर्माण पोखरीछाप ।
घ) गाउँपालिका वडा नं १ वडा नं ४ मा स्वास्थ्य चौकी भवन निर्माण ।
ङ) घिरिङकोटमा भ्यू टावर निर्माण

उल्लेखित योजना तथा कार्यक्रमहरुको विस्तृत गुरुयोजना यसै साथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२३।०२

प्रस्ताव नं २०७५।०७६-०२३।०२ को प्रस्तावउपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको सन्दर्भमा रोजगारी सिर्जना गर्न तपसिल बमोजिमका योजनाहरु नेपाल सरकार तथा गाउँपालिकाबाट स्विकृत नियम कार्यविधिहरुको मातहतमा रहेर सञ्चालन गर्ने निर्णय गरियोः

तपसिलः

१) अत्रौली पुट्टार सिंचाइ उपआयोजना सरसफाइ योजना घिरिङ १ तनहुँ बजेट रु २ लाख ।
२) कोलडाँडा बस्ति संरक्षण घिरिङ २ तनहुँ बजेट रु १ लाख मात्र ।
३) राधाकृष्ण मोटरमार्ग निर्माण तथा मर्मत घिरिङ २ तनहुँ बजेट रु १ लाख मात्र ।
४) कोटभैरव मार्ग मर्मत घिरिङ ३ तनहुँ बजेट रु १ लाख मात्र ।
५) पोखरीछाप खानेपानी मर्मत घिरिङ ३ तनहुँ बजेट रु १ लाख मात्र।
६) श्रृङ्गकाली मोटरमार्ग मर्मत घिरिङ ४ तनहुँ बजेट रु १ लाख मात्र।
७) नयाँटार नहर मर्मत घिरिङ ४ तनहुँ बजेट रु १ लाख मात्र।
८) सरस्वती मावि स्वास्थ्य चौकी सिढींबाटो निर्माण घिरिङ ५ तनहुँ बजेट रु २ लाख मात्र ।

निर्णय नं २०७५।०७६-०२३।०३

प्रस्ताव नं २०७५।०७६-०२३।०३ को प्रस्तावउपर छलफल गर्दा २०७६ जेष्ठ मसान्तसम्म म्याद रहने गरी घ्याछाप पुट्टार मोटरमार्ग ग्राभेल तथा नाला निर्माण रु ६० लाखको योजना कार्यान्वयनका लागी तथा

गाउँपालिका वडा नं १ र वडा नं २ मा सञ्चालित योजनाहरुका लागि आवश्यक नदिजन्य पदार्थ ढुंगा गिट्टी बालुवा सम्बन्धित उपभोक्ता समिति (कोषाध्यक्ष हरि अधिकारी) मार्फत आन्तरिक आम्दानी वापतको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्ने सो आम्दानी जम्मा नगरेमा उपभोक्ता समितिलाइ गाउँपालिकाबाट भुक्तानी हुने रकमबाट कट्टा गरी बाँकी रकम भुक्तानी पाउने गरी निर्णयको कार्यपालिका जवाफदेही रहने गरी फुलवारी मालेबगर घाटबाट बालुवा ढुङ्गा गिट्टी निकाल्न दिने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०२३।०४

प्रस्ताव नं २०७५।०७६-०२३।०४ को प्रस्तावउपर छलफल गर्दा चालू आर्थिक बर्ष २०७६।०७७ को कृषि तर्फ विनियोजित बजेट तथा कार्यक्रम अन्तर्गत रहेको आलु खेती प्रवर्द्धन कार्यक्रम विउ वितरण तथा ढुवानी रु २ लाख ५० हजार बाट रु १ लाख ४० हजार फलफुल विरुवा खरिद (वडा नं ५ मा एभोगार्डो खेतिका लागि समेत) बाँकी रु १ लाख १० हजार मौरी घार वितरण तर्फ रकामान्तर गरी सोको अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०२३।०५

प्रस्ताव नं २०७५।०७६-०२३।०५ को प्रस्तावउपर छलफल गर्दा नेपाल सरकारबाट प्राप्त स्वास्थ्य चौकी निर्माणको बजेट निम्न स्थानमा निर्माण गर्नेः

१ घिरिङ गाउँपालिका तनहुँ वडा नं १ अत्रौली मा ।

२ घिरिङ गाउँपालिका तनहुँ वडा नं ४ फूला मा ।

निर्णय नं २०७५।०७६-०२३।०६

प्रस्ताव नं २०७५।०७६-०२३।०६ को प्रस्तावउपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

क) २०७६ जेष्ठ २५ – २६ गते गाउँ कार्यपालिका सदस्यहरु तथा गाउँ सभा सदस्यज्युहरु सहितको उपस्थितिमा २ दिने एकिकृत सम्पत्ति कर सम्बन्धी तालिम सञ्चालन गर्ने सो का लागि रु ५० हजार बजेटको सीमामा रहेर खर्च गर्ने निर्णय गरियो ।

ख) स्थानिय सरकारको सञ्चालनका लागि आवश्यक न्यूनतम कानूनहरु पाँचै वडा कार्यालयहरुलाइ र सवै गाउँसभा सदस्यहरुलाइ नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मुलुकी ऐनलाइ प्रतिस्थापन गरी बनेका कानुनहरु र स्थानिय तहका अधिकार सँग सम्बन्धित बिषयगत कानुनहरु गाउँपालिकाको स्विकृत बजेटको परिधिमा रहे कानुनका पुस्तकहरु वितरण गर्ने ।

ग) राहत तथा विपद् व्यवस्थापन तर्फ घिरिङ गाउँपालिका वडा नं ५ को टेक बहादुर थापालाइ रु २०,००० मात्र अक्षेरुपी विस हजार मात्र आर्थिक सहायता प्रदान गर्ने।

घ) घिरिङ गाउँपालिकामा औधोगिक ग्राम घिरिङ गाउँपालिका वडा नं ४ गड्यौलिटार सिमलघारी (सिमलगैरामा) मा निर्माण गर्ने निर्णय गरियो ।

ङ) कालिगण्डी नदि डाइभर्सनका बिरुद्धमा सो नदिकिनारामा रहेका स्थानिय तहसँगको समन्वयमा घिरिङ गाउँपालिका तनहुँको आयोजनामा गण्डकी प्रदेशका मुख्यमन्त्री लगायतका महानुभावहरु तथा अन्य स्थानिय तहको समन्वयमा रहेर मिति निर्धारण गरी कालिगण्डकी नदि डाइभर्सन गर्ने वा नगर्ने बिषयमा वृहत छलफल कार्यक्रम आयोजना गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२४।०१ घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

२०७५।०७६-०२४।०२ गाउँसभा राख्ने सम्बन्धमा ।

२०७५।०७६-०२४।०३ राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।

२०७५।०७६-०२४।०४ आर्थिक ऐन, २०७६ सम्बन्धमा ।

२०७५।०७६-०२४।०५ आगामी आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२०७५।०७६-०२४।०६ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२४।०१

प्रस्ताव नं २०७५।०७६-०२४।०१ उपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को लागि घिरिङ गाउँपालिका तनहुँको बार्षिक नीति तथा कार्यक्रम पारित गर्ने ।उल्लेखित नीति तथा कार्यक्रमको प्रति यसै साथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२४।०२

प्रस्ताव नं २०७५।०७६-०२४।०२ को प्रस्तावउपर छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको पाँचौ गाउँसभा बजेट अधिवेशन (आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तर्जुमा) तपशिल मिति समय र स्थानमा गर्ने निर्णय गरियोः

तपसिलः

मितिः २०७६ असार १० गतेदेखि

समयः दिनको १ बजेदेखी ।

स्थानः पोखरीछाप तनहुँ ।

निर्णय नं २०७५।०७६-०२४।०३

प्रस्ताव नं २०७५।०७६-०२४।०३ को प्रस्तावउपर छलफल गर्दा राजश्व परामर्श समितिको तर्फबाट प्राप्त राजश्व परामर्श समितिको प्रतिवेदन पारित गरि सामुदायिक बन उपभोक्ता समितिहरुबाट वनजन्य पदार्थहरु निकासी हुदाँका बखत आम्दानीको दश प्रतिशत राजश्व गाउँपालिकामा हालसम्म नबुझाएकोले चालू आर्थिक बर्षमा उठ्न बाँकी रकम तत्काल सम्बन्धित समितलाइ ताकेता गर्ने सो राजश्व नउठेसम्म गाउँपालिकाबाट हुने सो समिति सम्बद्ध कुनै पनि सिफारिस रोक्ने र आगामी दिनहरुमा गाउँपालिकामा बुझाउनुपर्ने रकम नबुझाएसम्म सिफारिसपत्र प्रदान नगर्ने नगराउने निर्णय गरियो । उल्लेखित प्रतिवेदन यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२४।०४

प्रस्ताव नं २०७५।०७६-०२४।०४ को प्रस्तावउपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को आर्थिक ऐन, २०७६ मा थप परिमार्जन गरी आगामी गाउँसभामा अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०२४।०५

प्रस्ताव नं २०७५।०७६-०२४।०५ को प्रस्तावउपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम को तयारीका लागी बिषयगत समितिहरुलाइ जिम्मेवारी प्रदान गरी सोका आधारमा आगमी गाउँसभा अधिवेशनमा बजेट तथा कार्यक्रम पेश गर्ने ।

निर्णय नं २०७५।०७६-०२४।०६

प्रस्ताव नं २०७५।०७६-०२४।०६ को विविध प्रस्तावउपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

क) देहाय बमोजिमका व्यक्तीहरुलाइ आर्थिक सहायता प्रदान गर्ने

क स	व्यक्तीको नाम थर ठेगाना	आर्थिक सहायता रकम रु	क्षतीको संक्षिप्त विवरण	कैफियत
१	भेषराज पोखेल घिरिङ १ तनहुँ	१० हजार मात्र	हावाहुरीको कारण क्षति पुर्याएको	
२	भविसरा थापा घिरिङ २ तनहुँ	१० हजार मात्र	हावाहुरीले घरको छाना उडाएको	
३	किरण राना घिरिङ २ तनहुँ	१० हजार मात्र	हावाहुरीले घरको छाना उडाएको	
४	तिलमाया आले घिरिङ ३ अर्चलकोट	१ हजार मात्र	तालिमको क्रममा घाइते भएको	
५	कान्त बहादुर नेपाली घिरिङ २ तनहुँ	१० हजार मात्र	हावाहुरीले घरको छाना उडाएको	
६	सन्त बहादुर दमाइ घिरिङ ३ डाँडाँथोक	कृष्ण मार्गमा आएको पहिरो सरसफाइ गर्न रु २० हजार मात्र र सोही स्थानमा मेसिनरी वाल निर्माण गर्न विपद् व्यवस्थापन को शिर्षकबाट रु २ लाख विनियोजन गर्ने ।	अविरल बर्षाको कारण घरगोठमा क्षति पुगेको	

(ख) घिरिङ १ र २ को घ्याछाप पुट्टार खण्डमा विद्युतिकरणको योजनामा रु ३ लाख बजेट गाउँपालिका विद्युतिकरणको बजेटबाट रकामान्तर गराइ नियमानुसार काम गराउने निर्णय गरियो ।

(ग) चनौटे कूलो स्ल्याव निर्माणको योजनालाइ ह्यम पाइप खरिद गर्ने गरी योजनाको नाम संशोधन गर्ने ।

(घ) चक्रदेवी मोटरमार्गमा रु ८००००० को योजनामा मानपुरको उकालोमा तत्काल ढलान गर्ने गरि योजनाको स्विकृत लागत अनुमानमा संशोधन गर्ने ।

(ङ) घिरिङ १ र २ को घ्याछाप पुट्टार खण्डको विद्युतिकरणमा आएको समस्या समाधानका लागि सम्बन्धीत वडाको वडासमितिलाइ जिम्मेवारी प्रदान गरी तहाँकै वडासमितिको निर्णयका आधारमा योजना सञ्चालन गर्ने ।

आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२५।०१ घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न वनेको विधेयक २०७६ सम्बन्धमा ।
२०७५।०७६-०२५।०२ औद्यौगिक ग्राम निर्माण सम्बन्धमा ।
२०७५।०७६-०२५।०३ आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।
२०७५।०७६-०२५।०४ घिरिङ गाउँपालिका तनहुँको प्रोत्साहन भत्ता कार्यविधि २०७५ सम्बन्धमा ।
२०७५।०७६-०२५।०५ योजनाको हिज्जे परिवर्तन सम्बन्धमा ।
२०७५।०७६-०२५।०६ आर्थिक बर्ष २०७५।०७६ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
२०७५।०७६-०२५।०७ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२५।०१

प्रस्ताव नं २०७५।०७६-०२५।०१ उपर छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७६ मा परिमार्जन गरि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

बैठकका अन्य कार्यसूचिहरु स्थगन गरी आगामी कार्यसूचिहरु अघिल्लो कार्यपालिका बैठकमा पेश गर्ने गरी आजको बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२६।०१ घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न वनेको विधेयक २०७६ सम्बन्धमा ।
२०७५।०७६-०२६।०२ औद्योगिक ग्राम निर्माण सम्बन्धमा ।
२०७५।०७६-०२६।०३ आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।
२०७५।०७६-०२६।०४ घिरिङ गाउँपालिका तनहुँको प्रोत्साहन भत्ता कार्यविधि २०७५ सम्बन्धमा ।
२०७५।०७६-०२६।०५ योजनाको हिज्जे परिवर्तन सम्बन्धमा ।
२०७५।०७६-०२६।०६ आर्थिक बर्ष २०७५।०७६ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
२०७५।०७६-०२६।०७ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२६।०१

प्रस्ताव नं २०७५।०७६-०२६।०१ को प्रस्तावमाथी छलफल गर्दा आर्थिक बर्ष २०७६।०७७ को घिरिङ गाउँपालिका तनहुँको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको विधेयक २०७६ पारित गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०२

प्रस्ताव नं २०७५।०७६-०२६।०२ को प्रस्तावमाथी छलफल गर्दा घिरिङ गाउँपालिका तनहुँको वडा नं ४ सिमलघारीमा रहेको सार्वजनिक जग्गामा औधोगिक ग्राम निर्माण गर्न आवश्यक कार्यप्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं २०७५।०७६-०२६।०३

प्रस्ताव नं २०७५।०७६-०२६।०३ प्रस्तावमाथी छलफल गर्दा पाँचवटै वडा कार्यालयहरु तथा पाँचवटै विषयगत समितिहरुको प्रस्ताव पारित गरी आगामी गाउँसभामा पेश गर्ने । उल्लेखित प्रति यसैसाथ संलग्न रहेको छ ।

निर्णय नं २०७५।०७६-०२६।०४

प्रस्ताव नं २०७५।०७६-०२६।०४ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सकारात्मक उत्प्रेरणा अभिवृद्धि गराइ स्थनिय सरकारको काम कारवाहिलाइ चुस्त दुरुस्त पारी प्रभावकारी सेवा प्रवाह मार्फत सुशासनको अनुभूति दिलाउने स्थानिय सरकारको मूलभुत आदर्शलाइ पुरा गराउन आर्थिक बर्ष २०७५।०७६ मा राष्ट्रसेवक कर्मचारीहरुको योगदानको उच्च मूल्याङ्कन गरि सो को कदर गर्दै लागि प्रोत्साहनका लागि गाउँपालिका अध्यक्षज्यूको सिफारिसमा रहने गरी कर्मचारीहरुलाइ बढीमा हाल साविक खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी घिरिङ गाउँपालिका तनहुँको प्रोत्साहन भत्ता कार्यविधि २०७५ पारित गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०५

प्रस्ताव नं २०७५।०७६-०२६।०५ को प्रस्तावमाथी छलफल गर्दा देहाय बमोजिमका योजनाहरुको योजनाको हिज्जे संशोधन गर्नेः

क) सिजालीथर पार्टी प्यालेस अधुरो शिर्षकमा विनियोजित रकम रु २ लाखको योजनालाइ गरि सृजना विकास आमा समुह भवन निर्माणमा संशोधन गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०६

प्रस्ताव नं २०७५।०७६-०२६।०६ को प्रस्तावमाथी छलफल गर्दा गाउँपालिकाबाट मिति २०७६ असार २४ गतेसम्म गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी भएका बार्षिक विकासका योजनाहरु फरफारक गरी हालसम्मको चालू तथा पूँजिगत खर्च अनुमोदन गरी आर्थिक बर्ष २०७५।०७६ को समाप्ति सँगै आर्थिक बर्ष २०७६।०७७ को सुरुवातमै सार्वजनिक सुनुवाइ सम्पन्न गर्ने ।

निर्णय नं २०७५।०७६-०२६।०७

प्रस्ताव नं २०७५।०७६-०२६।०७ को विविध प्रस्तावमाथी छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियोः

क)

क) देहाय बमोजिमका व्यक्तीहरुलाइ आर्थिक सहायता प्रदान गर्ने

क स	व्यक्ती तथा संस्थाको नाम थर ठेगाना	आर्थिक सहायता रकम रु	क्षतीको संक्षिप्त विवरण	कैफियत
१	सामुदायिक रेडियो रामपुर	२००००।	सूचना प्रशारण गरेवापत	
२	गोरे बहादुर खपाङ्गी फुटवल कार्यक्रम	१००००।	हावाहुरीले घरको छाना उडाएको	
३	नेपाल मगर महिला संघको अधिवेशनका लागि आर्थिक सहयोग माग सम्बन्धमा ।	१००००।	हावाहुरीले घरको छाना उडाएको	
४	शुक्लागण्डी एफ एम लाइ आर्थिक सहयोग सम्बन्धमा ।	१००००।	तालिमको क्रममा घाइते भएको	
५	बन्दिपुर युनेस्को क्लवद्धारा तनहुँ पर्यटन पुस्तक प्रकाशन सम्बन्धमा ।	२००००।	हावाहुरीले घरको छाना उडाएको	
६	भुम कुमारी थापा क्षेत्री घिरिङ गाउँपालिका १	१००००।	मृगौला डाइलाइसिस गर्नुपर्दा धेरै खर्च भएको आर्थिक अवस्था कमजोर रहेकोले सहयोग ।	
७	चित्र बहादुर कुमाल घिरिङ ४ नयाँटार	१००००	कलेजोमा समस्याका कारण नियमित रुपमा उपचार गर्नुपरेकोले	
८	पूर्ण वहादुर थापा	२००००	पहिरोको कारण घर जोखिममा रहेकोले आर्थिक	

	घिरीङ ३ डाँडाँथोक		सहयोग	
९	पुष्पादेवी पोखेल घिरिङ १ अत्रौली तनहुँ	१००००	क्यान्सर रोगको उपचार गर्दा खर्च धेरै भएकोले राहत सहयोग दिने ।	
१०	सुख बहादुर थापा घिरिङ २ सतगैरा	१००००	गोठ जलेर नष्ट भएकोले राहत दिने ।	
११	ज्ञानमाया ढकाल घिरिङ १ बैडी रातोडाँडाँ	१००००	हावाहुरीले घरमा क्षति पुर्याएकोले राहत दिने ।	
१२	जुर बहादुर आले घिरिङ ३ खिला	१००००	घरमुनी पहिरो गई जोखिम भएकोले राहत दिने ।	

आजको कार्यपालिका बैठक समापन गर्ने ।

प्रस्तावहरुः-

२०७५।०७६-०२७।०१ घिरिङ गाउँपालिका तनहुँको आर्थिक बर्ष २०७५।०७६ को योजना तथा कार्यक्रम फरफारक तथा भुक्तानी सम्बन्धमा ।

२०७५।०७६-०२७।०२ वडा नं १ वडाअध्यक्ष गंगाराम कुमालको सेवा सुविधा सम्बन्धमा ।

२०७५।०७६-०२७।०३ विविध सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं २०७५।०७६-०२७।०१

प्रस्ताव नं २०७५।०७६-०२७।०१ को प्रस्तावमाथी छलफल गर्दा आर्थिक बर्ष २०७५।०७६ का तपशिल बमोजिमका योजनाहरु आव २०७६।०७७ मा क्रमागत रुपमा निरन्तरता दिई निम्नानुसारका योजनाहरुको भुक्तानी गर्ने गरि फरफारक गरियोः

तपशिलः

१ नेपाल मगर संघ कार्यालय भवन निर्माण वडा नं ३ रु १० लाख ।

२ वडा नं १ र २ को घ्याछ्राप पुट्टार विद्युतिकरण योजना रु ४० लाख ।

३ गजरकोट घिरिङ साध विद्युतिकरण योजना रु १५ लाख ।

निम्नः

१ घ्याछ्राप पुट्टार मोटरमार्ग ग्राभेल तथा नाला निर्माण रु ६० लाख को योजनामा भुक्तानी गर्न स्विकृत रु ५१४८०००।

२ मदन मोटरमार्ग निर्माण रु २० लाखको योजनामा रु भुक्तानी दिन स्विकृत रु १६३७८०००।

३ कृष्ण मावि पुट्टार भवन निर्माण योजना ।

निर्णय नं २०७५।०७६-०२७।०२

प्रस्ताव नं २०७५।०७६-०२६।०२ को प्रस्तावमाथी छलफल गर्दा जिल्ला अदालत तनहुँको मिति २०७६ असार २५ गतेको फैसला अनुसार घिरिङ गाउँपालिका वडा न १ निवासी एवं वडा नं १ का वडाअध्यक्ष श्री गंगाराम कुमालविरुद्धको मुद्धाउपर निर्णय भएकोले निजले गण्डकी प्रदेशको निर्णय बमोजिम पाउने हालसम्मको मासिक पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २०७५।०७६-०२७।०३

प्रस्ताव नं २०७५।०७६-०२६।०३ को प्रस्तावमाथी छलफल गर्दा आजको कार्यपालिका बैठक समापन गर्ने ।